मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ४ • अंक २११ • २०८३ साल असार ०५ गते शुक्रबार • Friday 19, June 2026 • सूर्योदय: बिहान ०५:११ बजे • सूर्यास्त: साँझ ०७:०२ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## कार्यदलद्वारा पूर्वप्रधानमन्त्री डा. भट्टराईसँग छलफल

**काठमाडौँ।**
प्रधानमन्त्री वालेन्द्र शाहका राजनीतिक सल्लाहकार असिम शाहको संयोजकत्वमा गठित 'संविधान संशोधन बहस पत्र' तयारी कार्यदलले बिहीबार पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईसँग छलफल गरेको छ। छलफलका लागि संयोजक शाहसहितको कार्यदलको टोली पूर्वप्रधानमन्त्री भट्टराईको निवास पुगेको थियो। कार्यदलले यसअघि गत जेठ २८ गते पूर्वप्रधानमन्त्रीहरू पुष्पकमल दाहाल 'प्रचण्ड', माधवकुमार नेपाल र झलनाथ खनालसँग पनि छलफल गरेको थियो। रासस

# औपनिवेशिक शासन अन्त्य माग्दै 'मधेश मुक्ति अभियान' घोषणा



**मधेशदृष्टि**
**रौतहट।**
मुलुकले पहिलोपटक मधेशमूलको प्रधानमन्त्री पनि पाएको छ। गणतन्त्र घोषणापछि मधेशी दलहरुको सिफारिसमा मधेशीमूलका नागरिकलाई राष्ट्रपति र उपराष्ट्रपति पनि मिलेकै छ।

फेरि पनि मधेश असन्तुष्ट देखिएको छ। यति मात्रै होइन, २०८२ फागुन २१ गते भएको प्रतिनिधि सभा निर्वाचनमा मधेशका अधिकांश भूगोलबाट पुराना शक्ति बिदा भएको छ। नयाँ पुस्ता उदाएको छ। तर पनि मधेशको अझै उचित सम्बोधन भएन भनेर विद्रोही शक्तिहरु जन्मिने क्रम जारी छ।

यसैक्रममा बिहीबार रौतहटमा तराई–मधेशबाट नेपाली औपनिवेशिक शासनको अन्त्य मागसहित 'मधेश मुक्ति अभियान' घोषणा भएको छ। गढीमाई नगरपालिका–३ मा बिहीबार आयोजित कार्यक्रममा स्वाधीन मधेश जनअभियानका संयोजक प्रोफेसर कैलाश महतोको नेतृत्वम अभियान घोषणा भएको हो। कार्यक्रमलाई सम्बोधन गर्दै महतोले चुनावताका प्रधानमन्त्री बालेन्द्र साहले गरेका प्रतिबद्धता पूरा नगरे स्वतन्त्र मधेशको लागि पनि संघर्ष हुनसक्ने चेतावनी दिए।

उनले भने, 'अहिले हामी देशभित्रै स्वतन्त्रता मागिरहेका छौँ, हाम्रा मागहरुलाई बेवास्ता गरिए छुट्टै राष्ट्रका लागि पनि आन्दोलन हुनसक्छ।'

कार्यक्रममा सहभागीहरुले आजादीको नारा लगाएका थिए। 'हामीलाई आजादी चाहियो, मधेशी मुक्ति अभियान जिन्दावाद' जस्ता नारा पनि लगाइएको थियो।

घोषणासभाबाट 'तराई मधेशबाट नेपाली औपनिवेशिक शासनको अन्त्य होस्', 'तराई मधेशमा मधेशी सेना, मधेशी प्रहरी, मधेशी प्रशासक र मधेशीको शासन होस्', 'तराई मधेशको साधन श्रोतमा मधेशीको अधिकार स्थापित हो', लगायतका मागहरु सार्वजनिक गरिएको छ।

यस्तै, 'तराई–मधेशमा भएको बाहिरी अप्रवासन खाली गरियोस्', 'नेपाल सरकारले तराई मधेशबाट उठाउँदै आएका सबै प्रकारका कर, राजस्व र भन्सार यही क्षेत्रमा प्रयोग होस्' मधेशी मूलका नागरिकमाथि हुँदै आएको नश्लीय विभेद, सामाजिक असमानता र राजनीतिक उपेक्षाको पूर्ण अन्त्य होस्' 'आत्मनिर्णयको अधिकार स्थापित होस्' मागहरु छन्।

अभियानको संयोजकमा कैलाश महतो रहेका छन् भने विपिन अधिकारी, गीता महरा, मनोज यादव, वैधनाथ महतो, लक्ष्मण साह लगायतका अभियानमा छन्। कार्यक्रम उद्घोषण शिवजी यादवले गरेका थिए।

## पाँच वर्षमा ३० हजार दुर्घटना

# धनुषा, महोत्तरी, बारा, पर्सा र सर्लाहीमा दुर्घटनाको दर उच्च



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशमा सडक सञ्जालको विस्तारसँगै सवारी दुर्घटनाको समस्या गम्भीर बन्दै गएको छ। आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ सम्मको अवधिमा प्रदेशमा २९ हजार ९ सय ८३ सवारी दुर्घटना भएको तथ्यांकले सडक सुरक्षा अवस्था चिन्ताजनक रहेको देखाएको छ।

एशियन डेभलपमेन्ट बैंक (एडीबी) को प्रतिवेदनअनुसार यो अवधिमा ८ हजार ९ सय ८९ जना घाइते भएका छन् भने ३ हजार ५ सय ८४ जना गम्भीर घाइते भएका छन्। दुर्घटनाबाट भएको मानवीय तथा आर्थिक क्षतिले प्रदेशको समग्र विकासमा समेत नकारात्मक प्रभाव पारिरहेको प्रतिवेदनमा उल्लेख छ।

यही विषयलाई केन्द्रमा राख्दै जनकपुरधाममा मधेश प्रदेश स्तरीय सडक सुरक्षा कार्यशाला गोष्ठीको उद्घाटन सत्र सम्पन्न भएको छ। मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा प्रदेश सरकारका मन्त्री, सचिव, सुरक्षा निकायका प्रतिनिधि, यातायात क्षेत्रका विज्ञ तथा विभिन्न सरोकारवाला निकायका प्रतिनिधिको सहभागिता थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री यादवले सवारी दुर्घटना न्यूनीकरण प्रदेश सरकारको प्रमुख प्राथमिकतामध्ये एक रहेको बताए। उनले सडक पूर्वाधार सुधार, यातायात व्यवस्थापनको आधुनिकीकरण तथा सडक सुरक्षासम्बन्धी जनचेतना अभिवृद्धिका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको उल्लेख गरे।

उनले सवारी दुर्घटना केवल तथ्यांकको विषय नभई हजारौं परिवारको पीडा र सामाजिक–आर्थिक क्षतिसँग जोडिएको विषय भएको बताए। सडक सुधार, ट्राफिक व्यवस्थापन तथा दुर्घटना न्यूनीकरणका लागि आवश्यक नीतिगत र व्यावहारिक कदम अघि बढाइने उनको भनाइ थियो।

एडीबीको तथ्यांकअनुसार पछिल्ला पाँच वर्षमा मधेश प्रदेशमा सवारी दुर्घटनाको

*बाँकी पृष्ठ २ मा*

# प्रदेश अधिकारविहीन 'खेलौना' बनाइएको छ: मुख्यमन्त्री



मधेशदृष्टि
जनकपुरधाम।
मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेश सरकार स्थापना भएको ९ वर्ष पुग्न लाग्दा पनि संघ सरकारले प्रदेशलाई आवश्यक अधिकार नदिई 'खेलौना' दिएर खुशी पार्ने प्रयास मात्र गरिरहेको आरोप लगाएका छन्।

मधेश प्रदेश स्तरीय सडक सुरक्षा गोष्ठीको उद्घाटन गर्दै मुख्यमन्त्री यादवले प्रदेशसँग प्रशासनिक अधिकार र आफ्नै प्रहरी संयन्त्र नभएको उल्लेख गर्दै प्रदेशका जनतामाथि अझै पनि संघ सरकारकै शासन कायम रहेको बताए।

उनले प्रदेश सरकारले यसपटकको बजेटमार्फत आफ्नो संवैधानिक अधिकारका लागि संघर्ष गर्न तयारी गरेको स्पष्ट पारे। साथै, २०७६ सालदेखि कार्यान्वयन हुन नसकेको प्रदेश प्रहरी ऐन कार्यान्वयनका लागि बजेट विनियोजन गरिएको जानकारी दिए।

मुख्यमन्त्री यादवले मधेश प्रदेशसँग पर्याप्त प्राकृतिक स्रोत–साधन नरहेकाले धार्मिक पर्यटन नै प्रदेशको प्रमुख आर्थिक आधार रहेको बताए। तर संघ सरकारले पर्यटन प्रवर्द्धनमा समेत अवरोध सिर्जना गरिरहेको आरोप लगाए।

उनले मधेशमा आउने अधिकांश पर्यटक भारतबाट आउने भए पनि भारतीय पर्यटकलाई असहज हुने गरी संघ सरकारले नीति लागू गरेको भन्दै असन्तुष्टि व्यक्त गरे।

कार्यक्रममा श्रम तथा यातायात मन्त्री शारदा थापाले सडक सुरक्षाका लागि जनचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिन आवश्यक रहेको बताइन्।

विद्यालयमा विद्यार्थी र विभिन्न महिला समूहमा पुगेर ट्राफिक नियमसम्बन्धी जानकारी दिन सके सडक सुरक्षा सुदृढ बनाउन सहयोग पुग्ने उनको भनाइ थियो।प्रदेशस्तरीय सडक सुरक्षा गोष्ठीमा सडक सुरक्षा नीतिको प्रभावकारी कार्यान्वयनका उपाय, दुर्घटनाका प्रमुख कारण तथा न्यूनीकरणका सम्भावित रणनीतिबारे छलफल गरिएको थियो।

कार्यक्रममा सहभागीहरूले सडक सुरक्षा सुधारका लागि सरकारी निकाय, सुरक्षा निकाय तथा नागरिक समाजबीच समन्वय आवश्यक रहेको धारणा व्यक्त गरेका थिए।

# बजेटमा कर्णाली, मधेश र सुदूरपश्चिमलाई प्राथमिकता

**काठमाडौँ।**
अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आर्थिक, सामाजिक तथा मानवीय विकासमा पछाडि परेको कर्णाली, मधेश र सुदूरपश्चिमलगायत क्षेत्रलाई प्राथमिकतामा राखी क्षेत्रगत बजेट तथा कार्यक्रम विनियोजन गरिएको बताएका



छन्।


प्रतिनिधिसभाको बिहीबारको बैठकमा विनियोजन विधेयक, २०८३ अन्तर्गत अर्थ मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै अर्थमन्त्री डा. वाग्लेले किसानलाई मल, बीउ, सिँचाइ र मूल्य श्रृंखलामा प्रदान गरिएको अनुदानले लक्षित वर्गको उत्थानमा सहयोग पु¥याउने विश्वास व्यक्त गरे।

बजेटमार्फत दलित बालबालिकाको पोषण भत्ता दोब्बर पारिएको जानकारी दिँदै अर्थमन्त्री डा. वाग्लेले सामाजिक सुरक्षाका विद्यमान कार्यक्रम कुनै पनि कटौती नभएको स्पष्ट पारे।

'गरिबीका नाममा ल्याइएका अघिल्ला कार्यक्रम सबै यथावत् छन्, गरिबमुखी कार्यक्रम काटियो कि भन्ने आशङ्कालाई निवारण गर्न चाहन्छु,' उनले भने, 'नगद वितरण गरेर मात्रै दिगो रुपमा गरिबी घट्दैन भन्ने यथार्थलाई स्वीकार गरेका छौँ, मानिसलाई सहायता लिने अवस्थामा राख्ने होइन, आम्दानी गर्ने अवस्थामा पुऱ्याउने बजेटको लक्ष्य हो।'

अर्थमन्त्री डा वाग्लेले कृषिको आधुनिकीकरण, सिँचाइ, कृषि बिमा, श्रमिक सुरक्षा, सीप विकास, उद्योग प्रवर्द्धन, डिजिटल अर्थतन्त्र र निजी लगानीमार्फत रोजगारी सिर्जना गर्ने रणनीति लिएको जानकारी दिए।

'गरिबी घटाउने सबैभन्दा प्रभावकारी उपाय भनेको स्थायी आम्दानी र रोजगारी हो। निजी क्षेत्रको मनोबल नबढाइ रोजगारी सिर्जना हुँदैन, बजेटले त्यसतर्फ ध्यान दिएको छ,' उनले भने।






# विपद् जोखिम न्यूनीकरणका लागि ३० स्वयंसेवकलाई पुनर्ताजगी तालिम



**मधेशदृष्टि**
**वीरगंज।**
मनसुनजन्य विपद्सहित प्राकृतिक तथा मानवजन्य प्रकोपका बेला प्रभावकारी उद्धार तथा राहत कार्यलाई सुदृढ बनाउने उद्देश्यले सञ्चालन गरिएको तीनदिने 'विपद् स्वयंसेवक परिचालन विस्तारित पुनर्ताजगी तालिम' सम्पन्न भएको छ । सशस्त्र प्रहरी बल, नेपाल नं. १३ गण मुख्यालय पर्साको आयोजनामा तथा वीरगंज महानगरपालिकाको समन्वयमा आयोजित तालिम असार २ गतेदेखि महानगरपालिकाको सभाहलमा सञ्चालन गरिएको थियो।

तालिममा स्थानीय समुदायका ३० जना स्वयंसेवक सहभागी भएका थिए। तालिम अवधिभर सशस्त्र प्रहरी बलका अनुभवी प्रशिक्षकहरूले विपद् व्यवस्थापनका आधारभूत सिद्धान्त, प्राथमिक उपचार, खोज तथा उद्धार कार्य, आपत्कालीन अवस्थाको व्यवस्थापन र विपद्को समयमा स्वयंसेवकले निर्वाह गर्नुपर्ने भूमिकाबारे सैद्धान्तिक तथा व्यावहारिक प्रशिक्षण प्रदान गरेका थिए।

कार्यक्रमको समापन समारोहमा वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बसन्तबहादुर बोहरा प्रमुख अतिथिका रूपमा सहभागी भएका थिए । कार्यक्रममा सशस्त्र प्रहरी बल, नेपाल नं. १३ गण पर्साका गणपति सशस्त्र प्रहरी उपरीक्षक मोहनबहादुर क्षेत्रीसहित अन्य सुरक्षा अधिकारीहरूको उपस्थिति रहेको थियो।

समापन समारोहमा बोल्दै वक्ताहरूले विपद्को समयमा स्थानीय स्वयंसेवकहरू पहिलो प्रतिकार्यकर्ता (फर्स्ट रेस्पोन्डर) का रूपमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने उल्लेख गरे । उनीहरूले तालिमबाट हासिल भएको ज्ञान, सीप र अनुभवलाई समुदायस्तरमा व्यवहारमा उतार्न सहभागीहरूलाई आग्रह गरेका थिए। सशस्त्र प्रहरी बलले यस्ता तालिमले विपद् प्रतिकार्य क्षमता अभिवृद्धि गर्नुका साथै सम्भावित जनधनको क्षति न्यूनीकरणमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरेको छ । वीरगंज तथा आसपासका क्षेत्रमा विपद् व्यवस्थापनलाई थप प्रभावकारी बनाउन प्रशिक्षित स्वयंसेवकहरूको सक्रिय भूमिका रहने अपेक्षा गरिएको छ।

# गृह प्रशासनलाई दिगो शान्ति र समृद्धिको आधार बनाउने गृहमन्त्रीको सङ्कल्प

**काठमाडौँ।**
गृहमन्त्री सुधन गुरुङले गृह प्रशासनलाई केबल परम्परागत सुरक्षा 'एजेन्सी'का रुपमा मात्र सीमित नराखी यसलाई दिगो शान्ति, विकास, सुशासन र समृद्धिको आधारका रूपमा अगाडि बढाउने स–ङ्कल्प व्यक्त गरेका छन्।

प्रतिनिधिसभाको बिहीबारको बैठकमा विनियोजन विधेयक, २०८३ अन्तर्गत गृह मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै गृहमन्त्री गुरुङले राष्ट्रिय परिचयपत्रलाई सबै प्रकारका सार्वजनिक सेवाहरूसँग पूर्ण रूपमा आबद्ध गरिने बताए । लैङ्गिक हिंसा, विभिन्न कुप्रथाका कारणले पीडित परिवारलाई न्याय दिन विशेष गरी महिला केन्द्रित संयन्त्रहरू क्रियाशील बनाइएको जानकारी दिँदै उनले आगामी बजेटमा उक्त कार्यक्रमलाई विशेष जोड दिइएको बताए।

'नागरिकको गुनासो २४सै घण्टा सुनुवाइ गर्न गृह मन्त्रालयमा मैले 'हेलो गृह' कल सेन्टर व्यवस्था गरिसकेको र नागरिकलाई गुनासो सुनुवाइको जानकारी दिने गरी प्रविधिमैत्री बनाई यो सरकारले नागरिकको कुरा सधैँ सुन्ने र सम्बोधन गर्ने विश्वास दिलाउन चाहन्छु,' गृहमन्त्री गुरुङले भने।

नेपाल प्रहरीलेसमेत 'केस ट्र्याकिङ सिस्टम' नै बनाइसकेको जानकारी दिँदै गृहमन्त्री गुरुङले यसको प्रगति नागरिकसम्म 'एसएमएस' जाने गरी जवाफदेही सरकारको अवधारणालाई आफूले कार्यान्वयनमा ल्याएको बताए।

'हालको सूचना प्रविधिको युगमा सरकारले साइबर अपराधका विभिन्न प्रकृति तथा अन्तरराष्ट्रियस्तरमा भएका 'बोर्डरलेस क्राइम'का नयाँ चुनौतीलाई सम्बोधन गर्न नेपाल प्रहरीको प्रविधिमैत्री अनुसन्धान क्षमता विस्तार, कार्यक्षमता बढाउन र अपराध अनुसन्धानलाई वैज्ञानिक बनाउन रु ५० करोड ४९ लाखको लगानीमा एआई र 'एडभान्स्ड एनालिटिक्स क्यापाबिलिटी डेभलपमेन्ट' कार्यक्रम सञ्चालन गरिनेछ,' गृहमन्त्री गुरुङले भने।

सुरक्षा निकायका लागि पूर्वाधार विकासमा बजेट थप गरिएको र प्रविधि विस्तार गर्न 'मोडर्न पुलिस पेट्रोलिङ ड्रोन', 'हेभी लिफ्टिङ ड्रोन', 'सर्च एण्ड रेस्क्यु ड्रोन' लगायत पछिल्ला प्राविधिक उपकरण खरिद गर्न बजेट उपलब्ध गराइएको उनले जानकारी दिए । गृहमन्त्री गुरुङले प्रहरी इकाइका जग्गा–जमिन, भवन र आवश्यक सामग्रीको अवस्था र आवश्यकताका सम्बन्धमा एकीकृत प्रतिवेदन तयार पारी पेस गर्न सुरक्षा निकायलाई निर्देशन दिएको स्पष्ट पारे।

'विभिन्न सरकारी निकायको नाममा रहेको जग्गामा हाल प्रहरी बस्दै आएको अवस्था अन्त्य गर्न प्रहरी कार्यालयकै नाममा जग्गा कायम गर्न सम्बन्धित सरकारी निकायसँग समन्वय गरी अर्को वर्ष यस कार्य सम्पन्न गरिनेछ,' गृहमन्त्री गुरुङले भने, 'सोपश्चात् प्राथमिकताका आधारमा दुवै प्रहरी निकायको भवन संरचना निर्माण गर्न समग्र कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ। अर्को वर्ष दुवै प्रहरीतर्फ ७९ भवन निर्माण गर्न बजेट विनियोजन भएको जानकारी गराउन चाहन्छु।'

विपद्का अवस्थामा नागरिकको ज्यान जोगाउनु राज्यको प्राथमिक दायित्व भएको उल्लेख गर्दै गृहमन्त्री गुरुङले विपद् जोखिमको अवस्था हेरी सरकारी निकाय र सबै सरोकारवालाको समन्वयमा पूर्वतयारी र प्रतिकार्य प्रभावकारी हुनेगरी आवश्यक व्यवस्था मिलाइएको बताए।

'विभिन्न जिल्ला र स्थानीय विपद् व्यवस्थापन समितिबाट खोज तथा उद्धार सामग्री विवरण प्रणाली अध्यावधिक गरिएको छ । प्राधिकरणबाट खोज तथा उद्धार सामग्री खरिद गरी माग भएका ठाउँमा पठाउने व्यवस्था गरिएको छ,' उनले भने । विगतमा भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माणमा रु पाँच अर्ब बजेट स्वीकृत भई काम अगाडि बढाइएको गृहमन्त्री गुरुङले जानकारी दिए।

लागुऔषध नियन्त्रणको अन्तर्राष्ट्रिय दिवसलाई औपचारिक मात्रै नबनाइने उल्लेख गर्दै उनले लागुऔषधको आपूर्ति श्रृंखला तोड्न गर्न जरासम्म पुगेर नियन्त्रण गर्न प्रहरीलाई निर्देशन दिइएको बताए। सरकारले भ्रष्टाचार रोक्न शून्य सहनशीलताको नीति लिएको स्पष्ट पार्दै गृहमन्त्री गुरुङले भ्रष्टाचार नियन्त्रण तथा सुशासन कायम गर्ने यो सरकारको मुख्य दायित्व भएकाले प्रहरीका केन्द्रीय र प्रदेशका प्रमुखलाई मातहतका कर्मचारीको निगरानी गर्न तथा कार्य सम्पादन मूल्याङ्कनका आधारमा पुरस्कार तथा दण्ड दिने नीतिलाई कडाइका साथ कार्यान्वयन गर्न निर्देशन दिइएको बताए।

गृह मन्त्रालयमा केन्द्रीय 'कमाण्ड सिस्टम' जडान गरी देशभरि र सीमामा समेत सबै सुरक्षा निकायको निगरानी र प्रभावकारी सूचना विश्लेषण गर्ने प्रणालीका लागि बजेट छुट्याइएको गृहमन्त्री गुरुङको भनाइ थियो । आगामी वर्षको बजेट कार्यान्वयनपश्चात् धेरै जिल्लामा नयाँ कारागार भवन निर्माण हुने उनले बताए।

गृहमन्त्री गुरुङले हाल करिब १९ हजार कैदी राख्ने क्षमता भएकामा करिब २६ हजार ८ सय कैदीबन्दीको चाप रहेको सदनलाई जानकारी गराए । 'आगामी वर्ष कारागार निर्माणमा 'युनिफर्मिटी' कायम गरी हरेक प्रदेशमा एक–एक वटा ठूला कारागार निर्माण गर्ने र प्रदेशभित्रका अन्य कारागारलाई थुनुवा केन्द्रका रूपमा विकास गर्ने योजना रहेको छ,' उनले भने।

कारागारको भौतिक अवस्थाअनुसार पूर्वाधार सुधारमा बजेट विनियोजन गरिएको जानकारी दिँदै गृहमन्त्री गुरुङले ११ कारागार भवन बनिरहेको र २० कारागारका नयाँ भवनका लागि समेत बजेट छुट्याइएको बताए । उनले प्राकृतिक विपद्का कारण घरबारविहीन भएका र परिवार गुमाएकाका लागि राहत सहायता वितरण गरिएको बताए।

'क्षति भएका आवास निर्माण गर्न प्रभावित परिवारलाई बैङ्क खातामा रकम दिन मापदण्डअनुसार बजेटको समेत व्यवस्था मिलाएको छु, बाढी पहिरोको जोखिम क्षेत्रमा टेक्निकल इभ्यालुएसन गरेर योजनाबद्ध रूपमा काम गर्न प्राथमिकता दिएको छु,' गृहमन्त्री गुरुङले भने। रासस

# रासायनिक मलमा कालोबजारी नियन्त्रण गर्न पहल

**काठमाडौँ।**
कृषि, वन तथा पर्यावरण मन्त्रालयले रासायनिक मलको आपूर्ति तथा वितरणमा हुनसक्ने अनियमितता र कालोबजारी नियन्त्रण गर्न हटलाइन नम्बर सञ्चालनमा ल्याएको छ।

मन्त्रालयले मलसम्बन्धी गुनासो, उजुरी तथा जानकारी सङ्कलनका लागि ९७०००९९११३ नम्बर तोकेको जनाएको छ। नम्बरमा किसान तथा सरोकारवालाले बिहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म सम्पर्क गरी मल अभाव, कालोबजारी, कृत्रिम अभाव सिर्जना, वितरणमा अनियमिततालगायत विषयमा जानकारी दिन सक्नेछन्।

मलसम्बन्धी गुनासो व्यवस्थापनलाई थप प्रभावकारी बनाउन मन्त्रालयले क्युआर कोडमार्फत पनि उजुरी दर्ता गर्न सकिने व्यवस्था गरेको छ। क्युआर कोड स्क्यान गरी सेवाग्राहीले सिधै आफ्नो गुनासो तथा सुझाव पठाउन सक्नेछन्। धान रोपाइँको मुख्य याममा रासायनिक मलको माग बढ्ने भएकाले आपूर्ति तथा वितरण प्रणालीलाई पारदर्शी र व्यवस्थित बनाउन यो व्यवस्था लागू गरिएको कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले बताइन्। रासस


## "नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था"

## कर्जा चूक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना

यस कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गरेको विभिन्न शिर्षकका कर्जा सुविधाहरु लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार समय समयमा बुझाउनु पर्ने सांवा, ब्याज आदि नतिरी नबुझाई ऋण लिंदा गरेको शर्त, कबुलियत उल्लंघन गरेको र बैंकले मौखिक एवं लिखित रुपमा पटक पटक तरतागेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान नगरेको हुंदा यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्रमा कर्जाको सम्पूर्ण सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ । अन्यथा उल्लेखित मिति भित्रमा बुझाउनू पर्ने सम्पूर्ण कर्जा सांवा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगरेमा यस बैंकलाई कर्जाको सुरक्षण वापत लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३,नेपाल राष्ट्र बैङ्क तथा वित्तिय संस्थालाइ जारी गरीएको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनामा आउने निर्देशन,परिपत्रहरु, बैङ्कको कर्जा असुलि निति तथा अन्य सम्बद्ध ऐन कानूनले दिएको अधिकार प्रयोग गरी धित्तोमा रहेको चल अचल सम्पति जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरि वा अन्य व्यवस्था गरि बैंकको सांवा, ब्याज, हर्जाना लगायत असुली कारवाहीको सिलसिलामा भएका अन्य खर्चहरु समेत असुल उपर गरी लिने तथा लेना रकम असुल उपर नभएको खण्डमा तपाई ऋणीहरु तथा धन जमानी दिनेको घर घराना/चल अचल सम्पतिबाट असुल उपर गरिनुका साथै प्रचलित नियम कानुन बमोजिम तपाई ऋणी तथा जमानीकर्तालाई कालो सूचिमा राख्न सिफारिश गर्ने व्यहोरा समेत ऋणी, जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**तपसिल**

**१) ऋणीको नाम र ठेगाना**

क) मुखी साह कलवारकी बुहारी, ओम प्रकाश प्रसादकी पत्नि जिल्ला पर्सा गा.वि.स. हरपतगंज वार्ड.नं. ०६ (हाल जिल्ला पर्सा विरगंज म.न.पा. वार्ड.नं. २०), बस्ने (ना.प्र.न. **१००८** ,जारी मिति **२०५२/१२/११** जि.प्र.का. पर्सा) बर्ष ४९ की बिन्जु देवी र हिरा साह कानुकी बुहारी, श्रीकान्त प्रसाद कानुकी पत्नि जिल्ला पर्सा गा.वि.स. अलौ वार्ड.नं. ०८ (हाल जिल्ला पर्सा विरगंज म.न.पा. वार्ड.नं. १७), बस्ने (ना.प्र.न. १००१/७८४ ,जारी मिति २०६८/०५/११ जि.प्र.का. पर्सा) बर्ष ५१ की उषा देवी साह ।

**कर्जाको सुरक्षण विवरण**

१) मुखी साह कलवारकी बुहारी, ओम प्रकाश प्रसादकी पत्नि जिल्ला पर्सा गा.वि.स. हरपतगंज वार्ड.नं. ०६ (हाल जिल्ला पर्सा विरगंज म.न.पा. वार्ड.नं. २०), बस्ने (ना.प्र.न. **१००८** जारी मिति **२०५२/१२/११** जि.प्र.का. पर्सा) बर्ष ४७ की बिन्जु देवी **र** हिरा साह कानकी बुहारी, श्रीकान्त प्रसाद कानुकी पत्नि जिल्ला पर्सा गा.वि.स. अलौ वार्ड.नं. ०८ (हाल जिल्ला पर्सा विरगंज म.न.पा. वार्ड.नं. १७), बस्ने (ना.प्र.न. १००१/७८४ जारी मिति २०६८/०५/११ जि.प्र.का. पर्सा) बर्ष ४९ की उषा देवी साहको नाममा दर्ता कायम रहेको जिल्ला पर्सा गा.वि.स. अलौ वडा नं ७ स्थित किता नं. ५३८ को जम्मा क्षेत्रफल **०-१-१८ वर्ग मिटर** को घरजग्गा ।

**व्यक्तिगत जमानीकर्ताहरु :**

क) मुखी साह कलवारको नाती, ओम प्रकाश प्रसादको छोरा जिल्ला पर्सा गा.वि.स. हरपतगंज वार्ड.नं. ०६ (हाल जिल्ला पर्सा विरगंज म.न.पा. वार्ड.नं. २०), बस्ने (ना.प्र.न ३४-०१-७९-१३५६३ जारी मिति २०७९/११/१८ जि.प्र.का. पर्सा) बर्ष २० का **अमन कुमार कलवार** ।

**ख**) हिरा साह कानुको नाती, रामाकान्त सा कानुको छोरा जिल्ला पर्सा गा.वि.स. अलौ वार्ड.नं. ०६ (हाल जिल्ला पर्सा विरगंज म.न.पा. वार्ड.नं. १७), बस्ने (ना.प्र.न ३४-०१-७९-००५६१ जारी मिति २०७९/०२/०५ जि.प्र.का. पर्सा) बर्ष २० को **आन्नद साह** ।

**ग**) मुखी साह कलवारको नाती, ओम प्रकाश प्रसादको छोरा जिल्ला पर्सा गा.वि.स. हरपतगंज वार्ड.नं. ०६ (हाल जिल्ला पर्सा विरगंज म.न.पा. वार्ड.नं. २०), बस्ने (ना.प्र.न ३४-०१-७०-१०६६८ जारी मिति २०७०/०९/२२ जि.प्र.का. पर्सा) बर्ष २८ का **अभिषेक कुमार कलवार** ।

घ) स्व. दरोगा साह कलवारको नाती, मुखी साह कलवारको छोरा जिल्ला पर्सा गा.वि.स. हरपतगंज वार्ड.नं. ०६ (हाल जिल्ला पर्सा विरगंज म.न.पा. वार्ड.नं. २०), बस्ने (ना.प्र.न ३६६११४७१, जारी मिति २०३९/०८/०८ जि.प्र.का. पर्सा) बर्ष ६१ का **ओम प्रकाश प्रसाद** ।

**ङ**)स्व. नाथु साह कानुको नाती, हिरा साह कानुको छोरा जिल्ला पर्सा गा.वि.स. अलौ वार्ड.नं. ०६ (हाल जिल्ला पर्सा विरगंज म.न.पा. वार्ड.नं. १७), बस्ने (ना.प्र.न ००५६२८२७ जारी मिति २०४६/०३/०९ जि.प्र.का. पर्सा) बर्ष ५३ को **रामाकान्त सा कानु** ।

च) स्व. नाथु साह कानुको नाती, हिरा साह कानुको छोरा जिल्ला पर्सा गा.वि.स. अलौ वार्ड.नं. ०६ (हाल जिल्ला पर्सा विरगंज म.न.पा. वार्ड.नं. १७), बस्ने (ना.प्र.न ७०९/००५६२७१० जारी मिति २०४५/०१/२२ जि.प्र.का. पर्सा) बर्ष ५६ का **श्रीकान्त प्रसाद कानु** ।

छ) हिरा साह कानुकी बुहारी, रामाकान्त सा कानुकी श्रीमती जिल्ला पर्सा गा.वि.स. अलौ वार्ड.नं. ०६ (हाल जिल्ला पर्सा विरगंज म.न.पा. वार्ड.नं. १७), बस्ने (ना.प्र.न ०५४६३११० जारी मिति २०६८/०१/१५ जि.प्र.का. पर्सा) बर्ष ४४ को **सिमा देवी** ।

**ज**) स्व. हिरा साह कानुको नातीनी, रामाकान्त सा कानुको छोरी जिल्ला पर्सा गा.वि.स. अलौ वार्ड.नं. ०६(हाल जिल्ला पर्सा विरगंज म.न.पा. वार्ड.नं. १७), बस्ने(ना.प्र.न ३४-०१-८०-०३६२४ ,जारी मिति २०८०/०३/१२ जि.प्र.का. पर्सा) बर्ष १९ को **अंजली साह** ।

**नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

**प्रधान कार्यालय:**
**गीता मन्दिर रोड, वीरगंज,पर्सा**
**फोन नं. ०५१-५३१०३१**
शाखा कार्यालय: बसपार्क (बाईपास) बिरगंज ड्राईपोर्ट, श्रीसिया, बिरगंज ।
टेडारोड, चोर्नी, (जीतपुर), बर्दिबास(महोतरी) ,बरहथवा (सर्लाही) ।


# पाँच वर्षमा ३० हजार दुर्घटना...

संख्या क्रमिक रूपमा बढ्दै गएको छ । आर्थिक वर्ष २०८०/८१ मा सबैभन्दा बढी दुर्घटना भएको उल्लेख गरिएको छ। कुल दुर्घटनामध्ये करिब ४८ प्रतिशत दुर्घटना मोटरसाइकलसँग सम्बन्धित छन्। त्यसपछि कार, जीप, बस, ट्रक तथा अन्य सवारी साधनको संलग्नता रहेको देखिन्छ।

दुर्घटना हुने समयको विश्लेषण गर्दा दिउँसो १२ बजेदेखि साँझ ६ बजेसम्मको अवधिमा सबैभन्दा बढी दुर्घटना हुने गरेको पाइएको छ । यो समयमा सवारी चाप अत्यधिक हुने तथा चालकको व्यस्तता बढ्ने भएकाले जोखिम पनि उच्च रहने विज्ञहरूको भनाइ छ।

दुर्घटनाबाट प्रभावितमध्ये ७४ प्रतिशत पुरुष र २६ प्रतिशत महिला रहेका छन् । बालबालिका र वृद्धवृद्धा समेत दुर्घटनाको जोखिममा परिरहेका छन्।

पछिल्ला वर्षमा महिलाको आवागमन तथा सार्वजनिक गतिविधिमा सहभागिता बढेसँगै उनीहरू प्रभावित हुने दर पनि वृद्धि भएको तथ्यांकले देखाएको छ । जिल्लागत रूपमा धनुषा, महोत्तरी, बारा, पर्सा र सर्लाहीमा दुर्घटनाको दर अपेक्षाकृत उच्च रहेको छ। विशेषगरी पूर्व–पश्चिम राजमार्ग तथा अन्य प्रमुख सडक खण्डहरू बढी जोखिमयुक्त देखिएका छन्।

प्रतिवेदनअनुसार दुर्घटनाको प्रमुख कारण चालकको त्रुटि रहेको छ। कुल दुर्घटनामध्ये ४९ प्रतिशत दुर्घटना चालकको लापरवाही, तीव्र गति, ट्राफिक नियम उल्लंघन तथा मादक पदार्थ सेवन गरी सवारी चलाउँदा हुने गरेका छन् । यसबाहेक सडकको कमजोर अवस्था, सवारी साधनको प्राविधिक समस्या, पैदलयात्रीको असावधानी तथा प्रतिकूल मौसम पनि दुर्घटनाका महत्वपूर्ण कारणका रूपमा रहेका छन्।

सवारी दुर्घटनाले मानवीय क्षतिसँगै आर्थिक क्षेत्रमा पनि गम्भीर असर पारिरहेको छ । उपचार खर्च, श्रमशक्ति गुम्ने अवस्था तथा उत्पादक उमेरका नागरिकको मृत्युका कारण प्रदेशको आर्थिक वृद्धिमा नकारात्मक प्रभाव परेको एडीबीले औंल्याएको छ।

कार्यशालामा सहभागी विज्ञ तथा सरोकारवालाले सडक सुरक्षा सुधारका लागि बहुआयामिक प्रयास आवश्यक रहेको धारणा राखेका थिए।

उनीहरूले दुर्घटना बढी हुने 'ब्ल्याक स्पट' क्षेत्रको पहिचान गरी तत्काल सुधार गर्नुपर्ने, सडक डिभाइडर, साइन बोर्ड तथा सडक बत्तीको व्यवस्थापन प्रभावकारी बनाउनुपर्ने सुझाव दिएका छन्।

त्यसैगरी, ट्राफिक नियमको कडाइका साथ कार्यान्वयन, ओभरस्पिडिङ र ड्रंक ड्राइभिङविरुद्ध कडा कारबाही, विद्यालय तथा समुदायस्तरमा सडक सुरक्षा शिक्षा विस्तार तथा मोटरसाइकल चालकका लागि हेल्मेट प्रयोग र सुरक्षा तालिम प्रभावकारी बनाउनुपर्ने आवश्यकता औंल्याइएको छ।

प्रविधिको प्रयोगमार्फत सीसीटीभी, स्पिड क्यामेरा तथा कृत्रिम बुद्धिमत्ता (एआई) आधारित निगरानी प्रणाली विकास गर्नुपर्ने तथा दुर्घटनापछि तत्काल उद्धारका लागि द्रुत एम्बुलेन्स सेवा र ट्रमा सेन्टर सुदृढ गर्नुपर्ने विषयमा समेत जोड दिइएको थियो।

कार्यक्रममा सहभागी मन्त्री, सचिव तथा अन्य सरोकारवालाले सडक सुरक्षा अभियानलाई प्रदेशव्यापी जनआन्दोलनका रूपमा अघि बढाउनुपर्ने धारणा व्यक्त गरेका थिए । सडक सुरक्षा केवल सरकारको जिम्मेवारी नभई चालक, पैदलयात्री, यातायात व्यवसायी र आम नागरिक सबैको साझा दायित्व भएको उनीहरूको भनाइ थियो।

कार्यक्रमले मधेश प्रदेशलाई सुरक्षित सडक प्रदेशका रूपमा विकास गर्न प्रदेश सरकार, स्थानीय तह, सुरक्षा निकाय, विकास साझेदार संस्था तथा नागरिक समाजबीच समन्वय र सहकार्य अपरिहार्य रहेको निष्कर्ष निकालेको छ।

सडक दुर्घटना प्राकृतिक प्रकोप होइन, यो मानवीय व्यवहार, व्यवस्थापन र पूर्वाधारसँग प्रत्यक्ष रूपमा जोडिएको समस्या हो।

समयमै प्रभावकारी कदम चाल्न सके हजारौं नागरिकको जीवन बचाउन सकिने भएकाले सडक सुरक्षा अब केवल नीतिगत बहसको विषय नभई तत्काल कार्यान्वयनको आवश्यकता बनेको छ। कार्यशालाले सुरक्षित सडक र सुरक्षित जीवनको अभियानलाई थप बल पु¥याउने विश्वास व्यक्त गरेको छ।


## भूमि प्रशासन कार्यालय सिम्रौनगढ, बाराको हकदाबी सम्बन्धी ३५ दिने सूचना

यसमा जग्गाधनी अनारकली राजपुतीन वडा नं. ३ र ४ मात्र उल्लेख रही निजको नाममा पिपरपाती वडा नं. ४ कि.नं. १०० को ज.वि. ०–१–२ जग्गा कायम रही उक्त जग्गा भारतीय नागरिक रामबाबु सिंहको नाममा हक कायम गरी पाउँ भनी निवेदन दिएकोमा निज साविक पिपरपाती पञ्चायत वडा नं. ४ बस्ने गरिब सिंहको नातिनी रामदयाल सिंहको छोरी हुन र निजको विवाह भारत बिहार पूर्वी चम्पारण ग्राम भवानीपुर पोष्ट चनरी थाना जितनामा भएको निज अनारकली इति संवत १२–०४–२००० र निजको पति रामकृपाल सिंह इति संवत २०–१२–२००३ मा मृत्यु भई निजको हक खाने एकमात्र छोरा रामबाबु सिंह रहेकोले निजको नाममा हक कायम गरी नेपाली नागरिकसँग हक हस्तान्तरण गर्न गरी पचरौता नगरपालिका वडा नं. १ नं. को वडा कार्यालय र ग्राम पंचायत राज जीतपुर जोगलवाँ प्रखण्ड–बनकटवा पूर्वी चम्पारण समेतबाट सिफारिस भई आएकोमा उक्त जग्गा माग अनुसार भारतीय नागरिक रामबाबु सिंहको नाममा हक कायम गरी दिंदा कसैको हक अंशमा असर पर्दछ, पर्दैन, पर्ने भए सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र उजुर बाजुर गर्न आउनु हुन जानकारी गराइन्छ।

# स्वच्छ र जिम्मेवार पत्रकारिताका लागि आचारसंहिता पालन अपरिहार्यः धर्मेन्द्र झा

**मधेशदृष्टि**
**वीरगंज ।**
पत्रकारिताको विश्वसनीयता, निष्पक्षता र व्यावसायिक मर्यादा सुदृढ बनाउन सञ्चारकर्मीहरूले आचारसंहिताको प्रभावकारी पालना गर्नुपर्नेमा जोड दिइएको छ ।



मिडिया काउन्सिल मधेश प्रदेशद्वारा वीरगंजमा आयोजित 'स्वच्छ, विश्वसनीय र मर्यादित पत्रकारिताका लागि आचारसंहिता सम्बन्धी अभिमुखीकरण कार्यक्रम' मा वक्ताहरूले पत्रकारिताको मूल आधार सत्यता, तथ्यपरकता र उत्तरदायित्व भएको बताएका हुन् ।

वीरगंजस्थित होटल वृन्दावनमा सम्पन्न एकदिने कार्यक्रममा नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय अध्यक्ष धर्मेन्द्र झाले सहजीकरण गर्दै सञ्चारका आधारभूत सिद्धान्तबिना प्रभावकारी पत्रकारिता सम्भव नहुने बताए । उनले पत्रकारले सर्वप्रथम सञ्चार प्रक्रिया र यसको मूल तत्वबारे स्पष्ट बुझाइ राख्नुपर्ने उल्लेख गरे । उनका अनुसार पत्रकारिताको उद्देश्य समाजप्रति उत्तरदायी सूचना प्रवाह गर्नु हो । तथ्यको पुष्टि नगरी वा व्यक्तिगत चाहनाअनुसार सामग्री प्रकाशन तथा प्रसारण गर्नु पत्रकारिताको मर्म विपरीत हुने उनले बताए ।

प्रशिक्षणका क्रममा झाले सत्यता, निष्पक्षता, स्रोतको गोपनीयता, उत्तरदायित्व तथा डिजिटल युगले पत्रकारितामा थपेका चुनौतीहरूबारे विस्तृत जानकारी गराएका थिए । साथै सहभागीहरूलाई गलत सूचना तथा भ्रामक सामग्री नियन्त्रण, सामाजिक सञ्जालको जिम्मेवार प्रयोग र व्यावसायिक पत्रकारिताका मूल्य तथा मान्यताबारे समेत अभिमुखीकरण गरिएको थियो । मिडिया काउन्सिलकी कार्यवाहक अध्यक्ष बन्दना झाको अध्यक्षतामा सम्पन्न कार्यक्रमको उद्घाटन मधेश प्रदेशका पूर्व मुख्यमन्त्री तथा प्रदेशसभा सदस्य लालबाबु राउत गद्दीले गरेका थिए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव अशोक तिवारी, लेखा समिति संयोजक केसी लामिछाने, महासंघ मधेश प्रदेश अध्यक्ष श्याम बन्जारा, पूर्व केन्द्रीय सचिव तथा विश्व पत्रकार महासंघका दीपेन्द्र चौहान, महासंघ पर्साका अध्यक्ष ओमप्रकाश खनाल, मिडिया काउन्सिल सदस्य रिन्कु मिश्र, मन्नु पासवानलगायत सञ्चार क्षेत्रका विभिन्न व्यक्तित्वहरूको उपस्थिति रहेको थियो ।

आयोजकका अनुसार अभिमुखीकरण कार्यक्रममा पर्साका विभिन्न सञ्चारमाध्यममा कार्यरत एक सयभन्दा बढी पत्रकार तथा सञ्चारकर्मी सहभागी भएका थिए ।

# नेपाल प्रहरीमाथि तस्कर समूहको आक्रमण

**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरीको बलान बिहुल गाउँपालिका–५ रामनगर कोदरकट्टीस्थित नेपाल–भारत अन्तर्राष्ट्रिय सीमा क्षेत्र दशगजा नजिक नेपाल प्रहरी टोलीमाथि तस्कर समूहले आक्रमण गरेको छ ।

प्रहरी स्रोतका अनुसार बिहान करिब ४ बजे कपडा तस्करीमा संलग्न समूहले आक्रमण गरेको हो ।

सीमा स्तम्भनम्बर २४३ नजिक तस्करी गतिविधिबारे सूचना पाएपछि पुगेको रामनगर कोदरकट्टी प्रहरी चौकीको टोलीमाथि तस्कर समूहले आक्रमण गरेको हो । घटनामा प्रहरी चौकीका इन्चार्ज असई रामकुमार यादवमाथि कुटपिट भएको स्रोतको दाबी छ ।

तस्कर समुहको आक्रमणबाट चौकी इन्चार्ज यादव शख्त घाइते बनेकाछन् । तस्कर समूहले भारतीय नागरिकसमेत बोलाएर प्रहरीमाथि आक्रमण गरेको प्रहरीको भनाई छ । घटनापछि सीमा क्षेत्रमा केही समय तनावको अवस्था सिर्जना भएको थियो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेले प्रहरीमाथि कुटपिट भएको पुष्टि गर्दै घटनाको वास्तविक कारण र संलग्न व्यक्तिबारे अनुसन्धान भइरहेको बताए ।

# अवैध रुपमा भण्डारण गरिएको फर्सीको बीउ बरामद

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको मलंगवा नगरपालिका–२ स्थित एक व्यवसायिक गोदामबाट अवैध रूपमा भण्डारण गरिएको ७५ बोरा फर्सीको बीउ बरामद गरिएको छ ।

स्थानीय नवीनकुमार यादवको दिनकर सेल्स सप्लायर्समा राखिएको बीउ सशस्त्र प्रहरी, नेपाल प्रहरी तथा जिल्ला प्रशासन कार्यालयको संयुक्त टोलीले नियन्त्रणमा लिएको हो ।

सशस्त्र प्रहरीका अनुसार विशेष सूचनाका आधारमा गए राति गोदाममा छापा मारिएको थियो ।

कारबाहीका क्रममा केही स्थानीय व्यक्तिहरू भेला भएर विरोध गर्दै ढुंगामुढामा उत्रिएपछि अवस्था नियन्त्रणमा लिन प्रहरीले एक राउण्ड अश्रुग्यास प्रहार गरेको जनाएको छ । ढुंगा प्रहारबाट सशस्त्र प्रहरीको एउटा ट्रकमा सामान्य क्षति पुगेको बताइएको छ ।

बरामद गरिएको फर्सीको बीउ आवश्यक कानुनी प्रक्रियाका लागि सर्लाही भन्सार कार्यालय मलंगवामा बुझाइएको छ प्रहरीले जनाएको छ ।

## पर्सामा प्रहरीको ठूलो सफलता:

# एकै दिन ४७९ किलो गाँजा बरामद तस्करी सञ्जालमाथि कडा प्रहार



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल–भारत सीमासँग जोडिएको पर्सा जिल्लामा लागुऔषध तस्करी नियन्त्रणका लागि प्रहरीले सञ्चालन गरिरहेको अभियानले उल्लेखनीय सफलता हासिल गरेको छ । एकै दिनमा जिल्लाको प्रवेश र निकास दुवै क्षेत्रमा गरी ४७९ किलो गाँजा बरामद भएपछि संगठित तस्करी सञ्जालमाथि प्रहरीको दबाब थप बढेको देखिएको छ । इलाका प्रहरी कार्यालय पोखरियाका प्रमुख प्रहरी निरीक्षक प्रदीप पौडेलको नेतृत्वमा सञ्चालित विशेष निगरानी तथा सीमा सुरक्षा अभियानअन्तर्गत पहिलो कारबाहीमा १०९ किलो गाँजासहित दुई जना पक्राउ परेका छन् । वीरगंज महानगरपालिका–२१ स्थित ड्राइपोर्ट–परवानीपुर सडकखण्डमा नियमित चेकजाँचका क्रममा पथलैयाबाट वीरगंजतर्फ आउँदै गरेको बा.१९ च ५७३८ नम्बरको बोलेरो पिकअपमाथि शंका लागेपछि प्रहरीले रोकेर जाँच गरेको थियो । जाँचका क्रममा त्रिपालले ढाकेर प्लास्टिकमा प्याक गरिएको अवस्थामा आठ वटा पोका फेला परेका थिए । ती पोकाभित्र १०९ किलो गाँजा रहेको पुष्टि भएपछि प्रहरीले गाडी नियन्त्रणमा लिएको थियो ।

घटनास्थलबाट सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिका–२ निवासी ३० वर्षीय सुभाष थामी र २८ वर्षीय छत्रबहादुर थामी पक्राउ परेका छन् । प्रहरीका अनुसार गाँजालाई योजनाबद्ध रूपमा लुकाएर गन्तव्यसम्म पु¥याउने तयारी भए पनि सक्रिय निगरानीका कारण तस्करहरूको योजना सफल हुन सकेन । पहिलो अपरेसनको सफलता लगत्तै प्रहरीले दोस्रो ठूलो बरामदगी पनि गरेको छ । असार ३ गते राति छिपहरमाई गाउँपालिका–१ मिर्जापुरस्थित नेपाल–भारत सीमावर्ती क्षेत्रमा गस्तीमा खटिएको संयुक्त प्रहरी टोलीले झाडीभित्र लुकाइराखिएको ठूलो परिमाणको गाँजा फेला पारेको थियो ।

पानीविहीन नहरको खाल्डो नजिक २५ वटा पोकामा राखिएको अवस्थामा ३७० किलो गाँजा बरामद गरिएको प्रहरीले जनाएको छ । प्रहरीको गतिविधिबारे सूचना पाएपछि तस्करहरूले गाँजा छाडेर फरार भएको प्रारम्भिक अनुमान गरिएको छ । उक्त गाँजा सीमापार ओसारपसार गर्ने तयारीमा राखिएको हुनसक्ने आशंकामा थप अनुसन्धान अघि बढाइएको छ ।

सुरक्षा क्षेत्रका जानकारहरूका अनुसार यी दुई घटनाको विशेषता भनेको जिल्लाभित्र भित्रिने क्रममा पनि गाँजा समातिनु र बाहिरिने तयारीमा रहेको ठूलो परिमाणको गाँजा पनि नियन्त्रणमा आउनु हो । यसले प्रहरीले केवल सडक चेकिङमा सीमित नरही तस्करीको सम्पूर्ण आपूर्ति शृंखलामाथि निगरानी बढाएको संकेत गरेको छ । पर्सालाई ट्रान्जिट रुटका रूपमा प्रयोग गर्ने प्रयास भइरहे पनि प्रहरीको सक्रियताले तस्करहरूको रणनीति असफल हुँदै गएको सुरक्षा अधिकारीहरूको भनाइ छ । सीमाक्षेत्रदेखि मुख्य सडकसम्म निगरानी सुदृढ बनाइएकाले अवैध कारोबारमा संलग्न समूहहरू दबाबमा परेको देखिन्छ ।

एकै दिनमा ४७९ किलो गाँजा बरामद हुनु मधेश प्रदेश प्रहरीका लागि महत्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ । लागुऔषध कारोबार केवल कानुनी अपराध मात्र नभई समाज, युवा पुस्ता र राष्ट्रिय सुरक्षासँग जोडिएको चुनौती भएकाले यस्तो परिमाणको गाँजा नियन्त्रणमा लिनु तस्करीको आर्थिक सञ्जालमाथिको प्रत्यक्ष प्रहार मानिएको छ ।

स्थानीय स्रोतका अनुसार प्रहरी निरीक्षक प्रदीप पौडेलले पोखरियामा जिम्मेवारी सम्हालेयता सीमावर्ती क्षेत्रमा निगरानी, गोप्य सूचना संकलन, नियमित गस्ती तथा शंकास्पद गतिविधिमाथि तत्काल प्रतिक्रिया दिने कार्यलाई प्राथमिकता दिएका छन् । अपराध घटेपछि प्रतिक्रिया जनाउनेभन्दा अपराध हुनुअघि नै रोकथाम गर्ने रणनीतिमा जोड दिइएकाले पछिल्ला सफलताहरू सम्भव भएको बताइन्छ ।

प्रहरीको पछिल्लो कारबाहीले पर्सा तथा सीमावर्ती क्षेत्रमा सक्रिय लागुऔषध तस्करहरूलाई स्पष्ट सन्देश दिएको छ कानुन कार्यान्वयन गर्ने निकाय सतर्क र सक्रिय रहँदासम्म तस्करीका पुराना शैली सफल हुन कठिन छ । एकै दिनमा झण्डै आधा टन गाँजा नियन्त्रणमा लिनु प्रहरीको सूचना संकलन क्षमता, अपरेसनल दक्षता र फिल्ड सक्रियताको महत्वपूर्ण उदाहरण बनेको छ ।

लागुऔषध नियन्त्रणमा समुदाय, स्थानीय तह, अभिभावक तथा नागरिक समाजको सहकार्य आवश्यक भएपनि पछिल्ला घटनाले पर्सामा प्रहरी संयन्त्र दृढतापूर्वक सक्रिय रहेको देखाएको छ । प्रवेश र निकास दुवै नाकामा गरिएको सफल कारबाहीले जिल्लालाई लागुऔषध तस्करीका लागि सुरक्षित मार्ग बन्न नदिने सन्देश दिएको सुरक्षा वृत्तको निष्कर्ष छ ।

# उच्च अदालतको फैसला कायान्वयनमा जोड

**मधेशदृष्टि**
**वीरगंज ।**
उपभोक्ता हित संरक्षण मञ्च नेपाल, महानगर समितिले वीरगञ्जस्थित मासु तथा माछा बजारलाई व्यवस्थित गरी स्वच्छ तथा गुणस्तरीय मासु उपलब्ध गराउन उच्च अदालत वीरगंजले दिएको फैसला कार्यान्वयनमा जोड दिएको छ ।

मञ्चले जारी गरेको विज्ञप्तिमा मासु तथा माछा बजारको व्यवस्थापन, सरसफाइ र उपभोक्ताको स्वास्थ्य सुरक्षासँग सम्बन्धित विषयमा विगत लामो समयदेखि वीरगंज महानगरपालिकालाई आग्रह गरिए पनि कुनै ठोस पहल नभएको उल्लेख गरिएको छ ।

करिब चार वर्षअघि उच्च अदालत वीरगंजमा रिट दायर गरिएको थियो । सो रिटमाथि सुनुवाइ गर्दै न्यायाधीश अब्दुल अजिज मुसलमानको इजलासले आवश्यक व्यवस्थापन तथा सुधारका लागि आदेश जारी गरेको थियो ।

उक्त आदेश पछि पनि सार्वजनिक स्वास्थ्य र उपभोक्ता हितसँग प्रत्यक्ष सम्बन्धित उक्त विषयमा स्थानीय सरकारबाट अपेक्षित चासो नदेखिए भन्दै सम्बन्धीत पक्षको ध्यानाकर्षण गराएको छ ।

## वीरगंजमा एथरको नयाँ एक्सपिरियन्स सेन्टर,

# मधेशमा विद्युतीय सवारी सेवाको विस्तार

**मधेशदृष्टि**
**वीरगंज ।**
प्रिमियम इलेक्ट्रिक स्कुटर ब्रान्ड एथर नेपालले मधेश प्रदेशका ग्राहकलाई लक्षित गर्दै वीरगञ्जको आदर्शनगरमा नयाँ एक्सपिरियन्स सेन्टर सञ्चालनमा ल्याएको छ । गेटवे मोटर्स प्रालिको व्यवस्थापनमा सुरु गरिएको उक्त केन्द्रले एथरका अत्याधुनिक विद्युतीय स्कुटर तथा बिक्रीपछिका सेवाहरू सहज रूपमा उपलब्ध गराउने अपेक्षा गरिएको छ ।

असार ४ गतेदेखि औपचारिक रूपमा सञ्चालनमा आएको यो केन्द्रसँगै एथर नेपालको देशव्यापी एक्सपिरियन्स सेन्टर संख्या १२ पुगेको कम्पनीले जनाएको छ । काठमाडौं उपत्यकाका पाँच केन्द्रका अतिरिक्त पोखरा, चितवन, इटहरी, बुटवल, जनकपुर, बिर्तामोड र अब वीरगञ्जमा पनि एथरको उपस्थिति विस्तार भएको छ ।

नयाँ केन्द्रमा एथरका सबै प्रमुख मोडेलहरू उपलब्ध छन् । प्रदर्शनमुखी एथर ४५० सिरिज र परिवारलाई लक्षित एथर रिज्टा ग्राहकहरूको मुख्य आकर्षणका रूपमा रहेका छन् । एथर ४५० सिरिजमा गुगल म्याप्समा आधारित नेभिगेसन, अटो होल्ड, रिभर्स मोड, फल सेफ प्रणाली, विभिन्न राइडिङ मोड तथा स्मार्ट टचस्क्रिन ड्यासबोर्डजस्ता आधुनिक सुविधा समावेश छन् । त्यसैगरी, एथर रिज्टा मोडेलमा फराकिलो सिट, ठूलो अन्डर–सिट स्टोरेज, ट्र्याक्सन कन्ट्रोल, चोरी तथा टोइङ अलर्ट, ह्वाट्सएप नोटिफिकेसनलगायत सुविधाले आरामदायी र सुरक्षित यात्रा अनुभव प्रदान गर्ने कम्पनीको दाबी छ ।



एक्सपिरियन्स सेन्टरमा ग्राहकहरूले स्कुटरको प्रत्यक्ष अवलोकन, टेस्ट राइड, स्मार्ट कनेक्टेड प्रविधिबारे जानकारी, फाइनान्सिङ विकल्प तथा एक्सचेन्ज योजनासम्बन्धी विस्तृत परामर्श प्राप्त गर्न सक्नेछन् । साथै बिक्रीपछिको सेवालाई प्रभावकारी बनाउन प्रशिक्षित प्राविधिक, जेन्युइन स्पेयर पार्ट्स र मर्मत–सम्भार सुविधा पनि उपलब्ध गराइएको छ ।

एथर नेपालले आफ्नो 'एथर ग्रिड' फास्ट चार्जिङ नेटवर्कलाई समेत देशभर विस्तार गरिरहेको जनाएको छ । कम्पनीका अनुसार हाल विभिन्न प्रमुख सहर तथा राजमार्गहरूमा ४० भन्दा बढी फास्ट चार्जिङ प्वाइन्ट सञ्चालनमा छन्, जसले प्रयोगकर्तालाई सहज र भरपर्दो चार्जिङ सुविधा उपलब्ध गराइरहेका छन् ।

नयाँ केन्द्र उद्घाटनको अवसरमा कम्पनीले असार १२ गतेसम्म विशेष ग्राहक योजना घोषणा गरेको छ । यस योजनाअन्तर्गत आठ वर्षसम्मको विस्तारित ब्याट्री वारेन्टी, शून्य प्रतिशतसम्म ब्याजदरमा फाइनान्सिङ सुविधा तथा एक्सचेन्ज गर्दा आठ हजार रुपैयाँसम्म अतिरिक्त मूल्याङ्कन लाभ प्राप्त गर्न सकिने कम्पनीले जनाएको छ ।

नेपालका लागि एथर इनर्जीको आधिकारिक तथा एकमात्र वितरक वैद्य इनर्जी प्रालिले देशभर विस्तार हुँदै गएको एक्सपिरियन्स सेन्टर, सर्भिस सेन्टर तथा चार्जिङ पूर्वाधारमार्फत विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्दै नेपालको ईभी इकोसिस्टम निर्माणमा योगदान पु¥याइरहेको जनाएको छ । कम्पनीले आगामी दिनमा पनि नवीन प्रविधि र ग्राहक–केन्द्रित सेवामार्फत विद्युतीय यातायातको पहुँच थप विस्तार गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

सम्पादकीय

# भागवण्डाको बन्धक स्थानीय बजेट

मधेश प्रदेशका स्थानीय तहहरूमा हरेक वर्ष बजेट निर्माण र घोषणाको समयमा देखिने किचलो अब एउटा नियति जस्तै बनेको छ। संघीयताको मर्म अनुसार स्थानीय सरकारले असार १० गतेभित्रै आगामी आर्थिक वर्षको नीति, कार्यक्रम र बजेट नगर वा गाउँ सभामा पेश गरिसक्नुपर्ने संवैधानिक र कानूनी प्रावधान छ । तर, मधेशका दर्जनौँ पालिकाहरूले यो समयसीमालाई लत्याउँदै आएका छन्। यसवर्ष पनि धेरैजसो स्थानीय तहमा राजनीतिक खिचातानी र आन्तरिक विवादका कारण बजेट प्रभावित भएको छ, जसले स्थानीय सरकारको जवाफदेहितामाथि गम्भीर प्रश्न खडा गरेको छ।

बजेट रोकिनुको मुख्य कारण विकासका एजेन्डा नभई 'भागवण्डा' को स्वार्थ देखिन्छ। पालिका प्रमुख, उपप्रमुख र वडाध्यक्षहरूबीच योजना छनोट र बजेट विनियोजनमा कुरा नमिल्दा बजेट नै बन्धक बन्ने गरेको छ। आफ्ना कार्यकर्ता पोस्ने योजना र व्यक्तिगत स्वार्थका योजनाहरूमा सहमति नजुटुन्जेल सभा नै नबोलाउने वा बोलाइए पनि अवरोध गर्ने प्रवृत्तिले प्रश्रय पाएको छ । बजेटलाई जनताको सेवा गर्ने माध्यमभन्दा पनि शक्ति प्रदर्शन र लेनदेनको औजार बनाइनु लोकतन्त्र र संघीयताका लागि लज्जास्पद विषय हो।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्पष्ट रूपमा बजेट ल्याउने प्रक्रिया र समय तोकेको छ। तर, कानूनी प्रावधानको पालना नगर्ने पालिकाहरूलाई कारबाही गर्ने प्रभावकारी संयन्त्रको अभावमा यस्तो बेथिति मौलाएको हो । बजेट नआउँदा कर्मचारीको तलबभत्ता, सामाजिक सुरक्षा भत्ता र अत्यावश्यक सेवा प्रवाह समेत प्रभावित हुन्छ । कानूनको धज्जी उडाउँदै जनताको मौलिक अधिकार र विकासको गतिलाई रोक्ने अधिकार कसैलाई छैन। जनप्रतिनिधिहरूले आफूलाई कानूनभन्दा माथि ठान्नु राजनीतिक अराजकताको पराकाष्ठा हो।

यसको प्रत्यक्ष मार भने मधेशका आम नागरिकमा परेको छ। समयमा बजेट नआउँदा विकास निर्माणका कामहरू ठप्प हुन्छन् र आर्थिक वर्षको अन्त्यमा हतार–हतार बजेट सिध्याउने 'असारे विकास' को प्रवृत्ति दोहोरिन्छ । शिक्षा, स्वास्थ्य र पूर्वाधार जस्ता आधारभूत क्षेत्रमा लगानी गर्नुपर्ने बजेट राजनीतिक दाउपेचमा फस्दा गरिबी र पछौटेपनको चक्र झन् बलियो बन्दै गएको छ । जनताले आफ्ना प्रतिनिधिहरूलाई विकास र सुशासनका लागि चुनेका हुन्, न कि वार्षिक बजेटलाई नै अनिर्णयको बन्दी बनाउनका लागि।

अतः यो बेथितिको अन्त्य हुनु जरुरी छ। बजेट ल्याउन नसक्ने पालिकाहरूमाथि संघीय र प्रदेश सरकारले कडा आर्थिक तथा प्रशासनिक अंकुश लगाउनुपर्छ । साथै, राजनीतिक दलहरूले पनि आफ्ना प्रतिनिधिहरूलाई जिम्मेवार बनाउन पहल गर्नुपर्छ।

स्थानीय तहका जनप्रतिनिधिहरूले व्यक्तिगत र दलीय स्वार्थभन्दा माथि उठेर जनताको आवश्यकतालाई प्राथमिकता दिनुपर्छ । बजेट रोकेर विकास रोक्ने प्रवृत्तिले अन्ततः संघीयताकै साख गिराउने भएकाले समयमै बजेट ल्याउने वातावरण निर्माण गर्न सबै पक्ष गम्भीर हुनुपर्छ।

# मधेशको कैलाश: लोकआस्था र विश्वासको प्रतीक

गोपालप्रसाद बराल/रासस



चुरे पहाडी श्रृंखलाको थुम्कोमा अवस्थित टुटेश्वरनाथ महादेव मन्दिर मधेश मात्र नभएर छिमेकी भारतको बिहार राज्यका हिन्दुको पनि आस्था र विश्वासको प्रतीक रहँदै आएको छ । थुम्कोको फेदीमा नदी र खोल्सीहरुमा कलकल बग्ने कञ्चन पानी । अनि चुरे काछको पहाडी श्रृंखलामा सिँढी उक्लिदै पुग्नुपर्ने शिवालय । यो परिवेशले नै मान्छेको मन लोभिने र रम्ने ठाउँ बनेको छ।

महोत्तरी जिल्लाको बर्दिवास नगरपालिका–५ मा अहिलेको टुटेश्वर बस्तीको सिरानमा यो मन्दिर छ। पूर्व–पश्चिम राजमार्गको टुटेश्वरचोकबाट आठ किलोमिटर घना वन क्षेत्र छिचोलेर शिवालय पुगिन्छ। बर्दिवास मुख्यचोकबाट १६ किलोमिटर दुरी अवस्थित यो ठाउँ धार्मिक पर्यटकीय स्थलका रुपमा चिनिन्छ । माण्डवीगङ्गा नदी किनारमा अवस्थित यो मन्दिर अग्लाअग्ला घना साल वृक्षले घेरिएको पहाडी थुम्कोमा छ। फेदीबाट सिँढी चढ्दै उक्लनुपर्ने हुँदा यो मन्दिरलाई 'मधेशको कैलाश' पनि भन्ने गरिन्छ। प्रत्येक वर्ष साउन महिनाभरि लाखौँ श्रद्धालु पुग्ने यो शिवालयलाई कतिपयले 'नेपालको बाबाधाम' पनि भन्ने गर्दछन्।

भारतको झारखण्ड राज्यको देवघरस्थित वेद्यनाथ धामलाई बोलीचालीमा बाबाधाम भनिन्छ। त्यहाँ पुग्न श्रद्धालु भक्तजन सुल्तानगञ्जबाट गङ्गाको पवित्र जल लिएर तीन–चार दिन लाग्दछ । सुल्तानगञ्जबाट देवघरसम्म देखिने पीतवस्त्रधारी श्रद्धालुको लर्कोकै झलक दिने गरी टुटेश्वरचोकबाट शिवालयसम्मको आठ किलोमिटर दुरीमा 'बोलबम' पुकार्दै दर्शनार्थी देखिन्छन्। यही देखिने दृश्यले टुटेश्वरनाथ महादेवस्थानलाई नेपालको 'बाबाधाम' भनिएको बर्दिबास–५ चेरुका ८० वर्षीय राजन पौडेल बताउँछन्।

शिवालय स्थापनाको प्राचीन जनश्रुतिले पनि यो मन्दिरको महत्व बढाएको छ। अघि द्वापर युगमा वनवासका बेला अर्जुनलाई भगवान् शिवले यसै ठाउँमा किराँत रुपमा दर्शन दिएर अमोघ मानिने पाशुपतास्त्र दिएको यहाँका पाकाजन बताउँछन्। 'अर्जुनलाई शिवजीले दर्शन दिनुभएको यसै ठाउँमा भन्ने विश्वास गरिन्छ,' नेपाल सरकारका पूर्व सहसचिव स्थानीय ७५ वर्षीय वाणिकराज काफ्ले भन्छन्, 'यहीँबाटै शिवजीको आशीर्वाद पाएर पाण्डव एक वर्षको गुप्तवासका लागि विराटनगर गएका हामीले मान्यजनबाट सुन्दै आएका हौँ ँ।'

माण्डवीगङ्गा (मडहा), वरुणमती (बेलगाछी) र स्वर्णमती (सोनी) नदीको त्रिवेणी सङ्गम त मन्दिरबाट करिब १८ किलोमिटर दक्षिण छ । शिवालय स्थापनामा महाभारतकालीन जनश्रुति भए पनि यो ठाउँ विदेहराज शिरध्वज जनककै समयदेखि धार्मिकस्थलका रुपमा रहेको पछिल्ला ४० वर्षदेखि माण्डवीगङ्गा, वरुणमती र स्वर्णमती नदीको त्रिवेणी सङ्गमबाट जल लिएर घस्रेर दर्शन गर्दै आएका गौशाला–४ का ७५ वर्षीय अवकाश प्राप्त शिक्षक वासुदेव महतो बताउँछन्।

'यो प्राचीन विदेह (मिथिला) भूमि हो, राजा जनकका भाइ कुशध्वजकी छोरी माण्डवी आफ्ना साथीहरुका साथ यहाँ बिहार गर्न आउँथे,' महतो भन्छन्, 'माण्डवीले नुहाउने गरेको हुँदा नै नदीको नाम माण्डवीगङ्गा राखिएको रामायणकालीन कथाहरुमा वर्णन पाइन्छ ।' माण्डवीका सखीहरु स्वर्णमती र वरुणवतीकै नाउँमा पनि पछि नदीका नाउँ बनेका उनको कथन छ । 'यी सबै हामीले आफ्नै बाबुबाजेबाट सुनेका कथा हुन्' उनले भने। टुटेश्वर, पञ्चधुरा माइस्थान, राइमण्डलधाम नजिकका पुरातात्विक महत्वका धार्मिकस्थल हुन् । यी ठाउँ राजा जनक र उनका विद्वत्सभाका ऋषिमुनिको तपोभूमिको परिचयमा स्थापित रहेको महतोको भनाइ छ।

विसं २००२ मा डिठ्ठा गौरीनारायण गिरीले वन फडानी गरी बस्ती बसाउने क्रममा यहाँ अति प्राचीन शिवलिङ्ग, पत्थर कुदिएर बनेको बसाहासहित पुरातात्विक महत्वका सामग्री फेला परेका थिए। त्यसयता विभिन्न समयमा श्रद्धालु भक्तजनको सरसहयोगबाट मन्दिर निर्माण भएको छ । शिवलिङ्ग, बसाहा र अन्य पुरातात्विक महत्वका सामग्रीको अध्ययनबाट यसलाई संस्कृति अध्येताहरुले महाभारतकालीन भनेका छन्। 'यहाँको शिवलिङ्ग, बसाहा र अन्य प्राप्त सामग्री महाभारतकालीन नै भएका अहिलेसम्मको अध्ययनले देखाएको छ,' जलेश्वर–५ पतैलीका बासिन्दा संस्कृतिविद् तथा मिथिला माहात्म्यका नेपाली अनुवादक ध्रुव राय भन्छन्।

यस ठाउँलाई धार्मिक पर्यटकीय स्थलका रुपमा विकास गर्न संस्थागत प्रयत्न थालिएको बर्दिवास नगर कार्यपालिकाको कार्यालयको संस्कृति तथा पर्यटन प्रवर्धन समितिका संयोजक हिरालाल गौतमको भनाइ छ। 'यसको धार्मिक महत्व अझ उजागर गर्न पछिल्ला १० वर्षयता प्रयत्न थालिएका छन्, यो ठाउँ केन्द्र, प्रदेश र स्थानीयतहको चासोमा परेको छ,' गौतम भन्छन्, 'गत आर्थिक वर्ष २०८१÷८२ देखि मधेश प्रदेश सरकारले निरन्तर बजेटमै सम्बोधन गरेर यहाँको कामलाई चासो दिएको छ ।' यसैगरी बर्दिबास नगरपालिका र केन्द्र सरकारले पनि यस ठाउँको पुरातात्विक महत्वको संरक्षण र सम्बद्र्धनका लागि अभिरुचिपूर्वक चासो लिएको उनको भनाइ छ।

यसैबीच, मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले मधेशको कैलाश भनिने यस ठाउँको विकासका लागि विस्तृत परियोजना प्रस्ताव नै बनाएर तीनै तहका सरकारको समन्वयमा योजनाबद्ध काम गरिनुपर्ने बताएका छन्। 'यहाँ स्वीकृत ढाँचामा एकद्वार प्रणालीबाट काम गरिन पर्छ, स्थानीय तहले लिने पहलकदमीमा प्रदेश सरकारको साथ सहयोग रहनेछ,' मुख्यमन्त्री यादव भन्छन्, 'यो मधेशको मात्र नभएर मुलुककै धार्मिक आस्थाको केन्द्र हो, यसका लागि केन्द्र सरकारसँग आवश्यक समन्वय प्रदेश सरकारले गर्नेछ।'

मधेशको कैलाश भनिने टुटेश्वरनाथको संरक्षण, सम्बद्र्धन र विकासका लागि यसलाई ट्रष्टमा लैजान नगरवासीको सुझाव छ। 'यहाँ गरिन पर्ने मुख्य दुई काम छन्,' बर्दिबास–५ का पूर्ववडाध्यक्ष दलबहादुर थापा मगर भन्छन्, 'पहिलो यस ठाउँको समुचित विकासका लागि दीर्घकालीन योजना निर्माण र दोस्रो साउने मेलाको कुशल व्यवस्थापन हो ।' यी सबै कामको केन्द्रमा यसलाई ट्रष्टमा लगिन नगर नेतृत्वले तत्काल पहलकदमी लिन पर्ने उनले स्पष्ट पार्नुभयो । थापाजस्तै बर्दिबास–५ स्थित इच्छेश्वर माध्यमिक विद्यालयका शिक्षक युवराज अधिकारी पनि मन्दिरलाई ट्रष्टमा लान पर्ने बताउँछन्।

माण्डवीगङ्गा, वरुणमती र स्वर्णमती नदीका माझ अवस्थित यो ठाउँ शिवजीको पुकारा गर्दा मनोवाञ्छित फल पाइने श्रद्धालुहरुको विश्वास छ। 'मैले पछिल्ला ४० वर्षदेखि १८ किलोमिटरको दुरी घस्रदै माण्डवीगङ्गा, वरुणमति र स्वर्णमतिको त्रिवेणीबाट ल्याइएको जल शिवलिङ्गमा चढाउँदै आएको छु, यो दुरी पार गर्न मलाई चार दिन लाग्ने गरेको छ,' दण्डीबाबा उपनामले चिनिने रजखोरका वासुदेव महतो भन्छन्, 'यहाँ शिवजीको पुकार गरेर जसरी दुःख बिसाएँ, उनले सबै सुन्नुभएको छ, म सन्तुष्ट छु।'

पूर्व–पश्चिम राजमार्ग बन्ने बेलामा ठेकदारहरुले माण्डवीगङ्गा, वरुणमति र स्वर्णमतिको नाउँ बिगारेर मडहा, बेलगाछी र सोनी बनाएका उनको गुनासो छ। यी नदीहरुको नाउँ विगतको पौराणिक पृष्ठभूमिकै बनाउन नगर नेतृत्वसँग महतोको अनुरोध छ । 'यो नाउँ मिलाउने त बर्दिबास नगर कार्य समितिकै निर्णयबाटै भइहाल्छ,' महतो भन्छन्, 'यस ठाउँको पौराणिक महत्व उजागर गर्न नदीका नाउँको महत्व हुन्छ, यसबारे नगर नेतृत्वको ध्यान पुगोस्।'

टुटेश्वरबारे बढेको चौतर्फी चासो यसको विकासमा सहयोगी हुने स्थायीय बासिन्दासमेत रहेका मधेश प्रदेश सरकारका श्रम तथा यातायातमन्त्री शारदादेवी थापाको विश्वास छ। 'मधेशको कैलाश भनिएर पनि यसको चर्चा फैलिएको छ, तीनै तहका सरकार मात्र नभएर सामाजिक तथा धार्मिक संस्थाले पनि चासो बढाएका छन्,' थापा भन्छिन्, 'यो चासोलाई नगरको संस्कृति तथा पर्यटन प्रवद्र्धन समितिले समुचित समन्वय गर्नुपर्छ।' यस ठाउँको विकासमा प्रदेश सरकारको निरन्तर साथ रहने थापाको प्रतिबद्धता छ।

टुटेश्वरमा अहिले विशिष्ट व्यक्तित्वहरुको बाक्लै अवलोकन तथा धार्मिक यात्रा बन्ने गरेको छ । मधेश प्रदेशका पूर्वमुख्यमन्त्रीहरु सतिशकुमार सिंह र सरोजकुमार यादवले कैयौँपटक मन्दिरमा पूजा आराधना गरेर यहाँको विकासबारे चासो राखेएको बर्दिबास–५ का वडा अध्यक्ष काहारमान स्याङ्वा सम्झन्छन् । यसैगरी, प्रदेश सरकारका मन्त्रीहरु, विभिन्न धार्मिक मठका मठाधीश र वरिष्ठ अधिकारीहरु धार्मिक यात्रामा यहाँ आएको स्याङ्वा बताउँछन् । आफ्नो ठाउँमा विशिष्ट व्यक्तित्वको सघन आगमन र यस ठाउँको संरक्षण÷सम्वद्र्धनबारे व्यक्त हुने चासोले टुटेश्वरवासी दङ्ग देखिन्छन्। 'ठुलाबडाहरु बाक्लै आउजाउ गर्छन्, अब यहाँका लागि केही होला भन्ने आश बढेको छ,' टुटेश्वर बस्तीका यतिराज काफ्ले भन्छन् । काफ्लेसँगै यहाँका आम बासिन्दामा अब आफ्नो ठाउँले सकारात्मक फड्को मार्ने विश्वास जागेको छ।

# प्रतिनिधिसभा: 'ऊर्जा क्षेत्रलाई आर्थिक रुपान्तरणको मुख्य आधार बनाएका छौँ'

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले बजेटमार्फत ऊर्जा क्षेत्रलाई आर्थिक रूपान्तरणको मुख्य आधारका रूपमा स्थापित गरेको बताएका छन् । प्रतिनिधिसभाको आजको बैठकमा विनियोजन विधेयक, २०८३ अन्तर्गत ऊर्जा मन्त्रालयका विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उनले विद्युत् उत्पादन, व्यापार, पूर्वाधार र औद्योगिकीकरणलाई एकीकृत रूपमा अघि बढाउन विगतका तुलनामा पर्याप्त बजेट विनियोजन गरिएको जानकारी दिए ।

मन्त्री श्रेष्ठले भने, 'दिगो विद्युत् आपूर्तिको मेरुदण्डका रूपमा मानिने प्रसारण लाइन र सवस्टेशन पहिलोपटक सरकारको उच्च प्राथमिकतामा परेको छ ।' सरकारले आगामी आर्थिक वर्ष २०८३÷८४ का लागि ऊर्जा मन्त्रालयका लागि कुल एक खर्ब १४ अर्ब दुई करोड ८२ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । त्यसमध्ये ऊर्जातर्फ ७० अर्ब १२ करोड ४६ लाख रुपैयाँ र जलस्रोत तथा सिँचाइतर्फ ४३ अर्ब ९० करोड ३६ लाख रुपैयाँ विनियोजन गरिएको जानकारी दिए ।

आगामी आवभित्रै १३२ केभी क्षमताका नौ वटा, २२० केभीका दुई वटा र नेपाल–भारत विद्युत् प्रसारण तथा व्यापार आयोजना एउटा गरी १२ वटा रणनीतिक महत्वका प्रसारण लाइनको निर्माण सम्पन्न गर्ने लक्ष्यसहित मन्त्रालयले कार्ययोजना अघि बढाएको उनको भनाइ छ ।

'नेपालको ऊर्जा क्षेत्रका लागि आगामी आव उपलब्धिमूलक हुन्छ भन्ने विश्वास लिएका छौँ, चालु आवको अन्त्यसम्ममा ६६ केभी र सोभन्दा माथिका प्रसारण लाइन करिब सात हजार ४८ सर्किट किलोमिटर सम्पन्न हुनेछ,' ऊर्जामन्त्री श्रेष्ठले भने । ऊर्जा क्षेत्रको रुपान्तरणका लागि सरकार यतिबेला प्रस्थानबिन्दुमा रहेको जानकारी दिँदै उनले यसपटक बजेट छर्नेभन्दा लामो समयदेखि अलपत्र आयोजनालाई शीघ्र सम्पन्न गर्ने र यसैवर्ष पूरा हुने आयोजनालाई प्राथमिकतामा राखेर बजेट विनियोजन गरिएको उल्लेख गरे ।



आगामी आर्थिक वर्षभित्र जलविद्युत् आयोजनाबाट ६७० मेगावाट र सौर्य आयोजनाबाट ३७० मेगावाट गरी कुल एक हजार ४० मेगावाट विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा जोडिने जानकारी दिँदै ऊर्जामन्त्री श्रेष्ठले आगामी १० वर्षमा विद्युत्को जडित क्षमता ३० हजार मेगावाट पुर्याउने लक्ष्य लिइएको बताए । 'उत्पादित विद्युत् खेर जान नदिन र उपभोक्तासम्म दिगो आपूर्ति सुनिश्चित गर्न सरकारले उत्पादनभन्दा बढी प्रसारण र वितरण प्रणाली सुदृढीकरणमा जोड दिइएको छ,' उनले भने ।

राहुघाट जलविद्युत् आयोजनाको निर्माण यसै आर्थिक वर्षभित्र सम्पन्न गर्ने, निर्माणाधीन तनहुँ जलाशययुक्त आयोजना, माथिल्लो मोदी ए, माथिल्लो मोदी, माथिल्लो त्रिशूली–३ बि र बूढीगङ्गा आयोजनाको निर्माणलाई प्राथमिकता दिइएको उनको भनाइ छ । नलगाड जलविद्युत् आयोजनाको अध्ययन कार्य सम्पन्न भई वित्तीय ढाँचा तयार भइरहेको जानकारी दिँदै उनले माथिल्लो अरुण, उत्तरगङ्गा, चैनपुर सेती, नौमुरेलगायत आयोजनाको कार्य योजना निर्माण भइरहेको बताए ।

'बूढीगण्डकी जलाशययुक्त आयोजनाका निम्ति निर्माण पूर्वको कार्यका लागि पर्याप्त बजेट विनियोजन गरेका छौँ । साथै दूधकोशी जलाशययुक्त आयोजनाको 'फाइनान्सियल क्लोजर' सम्पन्न गरी ठेक्का प्रक्रिया सुरु गर्ने तयारीमा जुटेका छौँ,' ऊर्जामन्त्री श्रेष्ठले भने । पहिलोपटक ऊर्जा व्यापारमा उदारीकरणको नीति लिइएको जानकारी दिँदै उनले यससँगै अब निजी क्षेत्रले राष्ट्रिय तथा अन्तरराष्ट्रिय बजारमा विद्युत् व्यापार गर्न पाउने अवस्था सिर्जना भएको बताए ।

'निजी लगानीमा प्रसारण लाइन निर्माण गरी 'ह्विलिङ चार्ज' लिएर विद्युत् व्यापार गर्ने कानुनी व्यवस्था गरिँदैछ । यसले ऊर्जा बजार थप प्रतिस्पर्धी र लगानीको नयाँ आयाम सिर्जना गर्ने विश्वास लिइएको छ,' ऊर्जामन्त्री श्रेष्ठले भने । जलाशययुक्त आयोजनामा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने सरकारको नीति रहेको उल्लेख गर्दै उनले ती आयोजनामा शतप्रतिशत लगानी सुनिश्चित गरे पहिलो वर्षमा ४० प्रतिशतसम्म प्राथमिक सार्वजनिक निष्काशन (आइपिओ) जारी गर्न पाउने र 'लाइसेन्स' अवधि ५० वर्ष हुने व्यवस्था गरिएको जानकारी दिए ।

मन्त्री श्रेष्ठले नदीजन्य विपद्बाट जनधनको क्षति हुन नदिन तटबन्धलाई उच्च प्राथमिकतामा राखिएको स्पष्ट पारे । उनले अन्तर निकायबीच समन्वय गरी सिँचाइ र तटबन्धका योजनालाई प्राथमिकताका साथ अगाडि बढाइने प्रतिबद्धता व्यक्त गरे । 'देशमा उपलब्ध जलस्रोतको बहुआयामिक उपयोग गरी कृषियोग्य भूमिमा वर्षेभरि दिगो एवं भरपर्दो सिँचाइ सुविधा पुर्याइ कृषि उत्पादन अभिवृद्धि गर्न मन्त्रालयका कार्यक्रम केन्द्रित छन्,' उनले भने ।

आगामी आव थप १५ हजार ७७६ हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुर्याउँदै खेतीयोग्य सिञ्चित जमिनको अनुपात ६४ प्रतिशत पुर्याउने लक्ष्य राखिएको ऊर्जामन्त्री श्रेष्ठको भनाइ छ । 'पुराना आयोजनालाई तोकिएको समय अवधिभित्रै सम्पन्न गर्ने विषयले सिँचाइका क्षेत्रमा अझ विशेष महत्व राख्दछ,' उनले भने, 'तसर्थ, भेरी बबई, सिक्टा, सुनकोशी–मरिन, रानी–जमरा–कुलरियालगायत सिँचाइ आयोजनालाई उच्च प्राथमिकतामा राखिएको छ ।' सुनसरी–मोरङ, चन्द्र नहर, कमला, नारायणी, गण्डक, कोशी पम्पलगायत सिँचाइ प्रणालीको मर्मतसम्भार तथा पुन स्थापनाका लागि विशेष महत्व दिइएका जनाउँदै मन्त्री श्रेष्ठले यसवर्ष सिँचाइतर्फका चार वटा राष्ट्रिय गौरवका आयोजनामा १० अर्ब २४ करोड ६८ लाख रुपैयाँ विनियोजन गरिएको बताए । सतह सिँचाइबाट सम्भव नभएका तराई–मधेशका तीन लाख १८ हजार हेक्टर कृषियोग्य जमिनमा उपलब्ध भूमिगत जल–भण्डारमार्फत सिँचाइ सुविधा पुर्याउन रु एक अर्ब ८४ करोड विनियोजन गरिएको उनको भनाइ छ ।

एकीकृत कर्णाली सिँचाइ विकास तथा नदी नियन्त्रण कार्यक्रमलगायत नदी बेसिन तथा टार, बजार संरक्षण कार्यक्रम र भेरी करिडोर सिँचाइ तथा नदी व्यवस्थापन आयोजनाका लागि ९२ करोड २३ लाख रुपैयाँ विनियोजन गरिएको मन्त्री श्रेष्ठले जानकारी दिए । उनले नेपालका नदीलाई जलस्रोतका निम्ति मात्र नभई मानव सभ्यता, संस्कृति, जैविक विविधता र मानव अस्तित्वको आधारमा समेत संरक्षण गर्ने राष्ट्रिय नीति अवलम्बन गरिएको जानकारी दिए ।

'अब धार्मिक, सांस्कृतिक, पर्यावरणीय तथा सामाजिक महत्वका नदीको वैज्ञानिक अध्ययन गरिने छ,' ऊर्जामन्त्री श्रेष्ठले भने । उनले नदी क्षेत्रसँग जोडिएका आदिवासी समुदाय, परम्परा र आध्यात्मिक मूल्यलाई राष्ट्रिय सम्पदाका रूपमा संरक्षण गर्दै आगामी पुस्ताका लागि स्वच्छ, निरन्तर बहने नदी प्रणाली सुनिश्चित गरिने बताए । रासस

# ‘सघन सहरी कार्यक्रम’ लाई ८८ अर्ब ३३ करोड बजेट



**काठमाडौं ।**
पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले सहरी तथा बजार क्षेत्रलाई समेट्ने ‘सघन सहरी कार्यक्रम’ अन्तर्गत करिब ३०० सहरका बजार व्यवस्थित गरिने बताएका छन् । ‘विनियोजन विधेयक २०८३’ को सम्बन्धमा आज प्रतिनिधिसभा बैठकमा सांसदहरूले उठाएको प्रश्नको जवाफ दिँदै उनले उक्त कार्यक्रमका लागि तीन वर्षे कार्ययोजनासहित रु ८८ अर्ब ३३ करोड रकम विनियोजन गरिएको जानकारी दिए ।
मन्त्री लम्सालले खरिद प्रक्रियामा लाग्ने १८ देखि २१ महिनाको अवधिलाई छोट्याएर छ–सात महिनामा झार्ने गरी बजेट व्यवस्था गरिएको जानकारी दिए । तीन वर्षको लक्ष्यसहितको समयसीमा भएकाले कार्यक्रम धेरै देखिएको भन्दै वार्षिक बजेट कम देखिएको उनले उल्लेख गरे । मन्त्री लम्सालले रातो किताबमा रकम कम देखिए पनि तीन वर्षे बजेटको कुल रकम साविकको भौतिकतर्फ करिब रु पाँच खर्ब तथा साविकको सहरीतर्फ रु छ खर्ब ५० अर्ब योजना गरिएको स्पष्ट पारे । उनका अनुसार बजेट किताबमा रु २८६ अर्ब देखिए पनि कुल करिब रु ११ खर्ब ५० अर्ब तीन वर्ष कार्ययोजनासहित ठेक्का खोलिने छ ।
सडक सुरक्षामा ध्यान नदिएको÷ग्रामीण क्षेत्रका सडक तथा पुल समेट्न नसकेको गुनासोका सम्बन्धमा उत्तर दिँदै मन्त्री लम्सालले सडक सुरक्षा तथा सजावट र सुविधाजन्य संरचनालाई उच्च महत्व दिइएको जानकारी दिए । “यसका लागि तीन वर्षे योजनासहित रु चार अर्ब ७४ करोड बजेट विनियोजन गरिएको छ, उनले भने, जिल्ला सदरमुकाम जोड्ने एक लेनको सडकलाई तीन वर्षभित्र दुई लेनमा स्तरोन्नति गरिने छ, पहिचान भएका सबै पहिरो व्यवस्थापन सम्पन्न गरिनेछ । आगामी दिनमा स्तरोन्नति हुने सबै राजमार्गमा अण्डरपास, ओभरपास र फ्लाइओभरसहितको संरचना निर्माण गरिनेछ ।
मन्त्री लम्सालका अनुसार सडक सुरक्षालाई थप सुदृढ बनाउन चालु ठेक्कामार्फत वा छुट्टै व्यवस्थामार्फत सडक सुरक्षा अवरोधक (क्र्यास ब्यारियर) र सडक चिन्हसङ्केत, ट्राफिक सङ्केतचिन्हलगायत सडक सुरक्षा अवयव स्थापनाको व्यवस्था गरिएको छ । ‘खोला–खोल्सी आदिमा सबैभन्दा बढी दुर्घटना हुने भएकाले तीन हजार वटा स्थानीय पुल निर्माण गर्ने लक्ष्यसहित रु ८१ अर्ब २२ करोड रकम तीन वर्ष कार्ययोजनासहित व्यवस्था गरिएको छ’, उनले भने ।
सडक मर्मतले प्राथमिकता नपाएको सम्बन्धमा आएका प्रश्नको उत्तर दिँदै मन्त्री लम्सालले सडक मर्मतका लागि तीन वटा बजेट शीर्षकमा रकम विनियोजन गरिएको जानकारी दिए । ‘स्थानीय पूर्वाधार विभागमार्फत रु १२ अर्ब १९ करोड विनियोजन भएको छ । सहरी विकास तथा भवन निर्माण विभागमार्फत स्थानीय तहगत रूपमा रु एक खर्ब ७४ करोड रकम तीन वर्ष कार्ययोजनासहित व्यवस्था गरिएको छ’, उनले भने ।
बैठकमा प्रदेश केन्द्र, जिल्ला, स्थानीय तहको केन्द्र र वडा केन्द्र जोड्ने सडकका लागि बजेटमा आउनुपर्ने सांसदहरूको जिज्ञासामा जवाफ दिँदै मन्त्री लम्सालले भौतिक पूर्वाधार आवश्यक रहेका दुर्गम क्षेत्रमा पूर्वाधार निर्माणका लागि बजेट अभाव रहेको भन्ने विषयमा स्पष्ट जवाफ दिएका छन् । सबै पालिकाका केन्द्र जोड्ने गरी तीन वर्षमा दुई हजार ८०० किमी सडकका लागि रु ६३ अर्ब रकम तीन वर्ष कार्ययोजना व्यवस्था गरिएको छ, उनले भने, सबै वडा केन्द्र जोड्ने गरी रु २८ अर्ब ५० करोड रकम तीन वर्ष कार्ययोजनासहित व्यवस्था गरिएको छ । उनका अनुसार बस्ती विकास कार्यक्रमअन्तर्गत रु ५७ अर्ब ७१ करोड रकम तीन वर्ष कार्ययोजनासहित व्यवस्था गरिएको छ ।
‘वैकल्पिक सहायक राजमार्गमा रु ४४ अर्ब ४० करोड रकम तीन वर्ष कार्ययोजनासहित व्यवस्था गरिएको छ’, तीन वटा सडक, तीन वटा पुल माग गरिएको तर बजेटमा समावेश नगरिएको भन्ने जिज्ञासाको जवाफमा मन्त्री लम्सालले भने, ‘निर्वाचन क्षेत्र रणनीतिक सडक बजेट रु २६ अर्ब चार करोड रकम तीन वर्ष कार्ययोजनासहित व्यवस्था गरिएको छ । उनका अनुसार यी बाहेक मापदण्डका आधारमा कृषि सडकका लागि रु १० अर्ब ५० करोड रकम तीन वर्ष, स्थानीय पर्यटकीय सडकका लागि रु १० अर्ब ५० करोड रकम तीन वर्ष कार्ययोजना व्यवस्था गरिएको छ । मन्त्री लम्सालले औद्योगिक सडकका लागि रु एक अर्ब ५० करोड रकम तीन वर्ष कार्ययोजना व्यवस्था गरिएको जानकारी दिए ।
काठमाडौं उपत्यका लक्षित धुलोरहित काठमाडौं उपत्यका कार्यक्रमका लागि काठमाडौँ उपत्यका विकास प्राधिकरणका लागि रु १९ अर्ब ४८ करोड रकम तीन वर्षे कार्ययोजनाअन्तर्गत व्यवस्था गरिएको उनले बताए । देशको आर्थिक अवस्था उकास्न

**पर्यटकीय तथा व्यापारिक राजमार्गमाः**
रानी–विराटनगर–किमाथाङ्का,
वीरगञ्ज–रसुवागडी,
भैरहवा–कोरोला,
कोइलाबास–डोल्पा,
जमुनाह–सिमिकोट,
गौरीफन्टा–बढीमालिका
पूर्वपश्चिम पर्यटकीय राजमार्ग, (अपि–नाम्पा–पाथीभरा) तीन हजार किमी रहेका छन् । जसका लागि रु ६०० अर्ब लगानी आवश्यक पर्दछ, मन्त्री लम्सालले भने, दुई घण्टामा पोखरा पुग्ने गरी बुटवल–पोखरा द्रुतमार्ग निर्माण तथा काठमाडौँ–पोखरा द्रुतमार्गको अध्ययन यसै वर्ष सम्पन्न गरिनेछ ।
तीन वर्षमा ६५ प्रतिशत जनसंख्यालाई र पाँच वर्षमा ९० प्रतिशत जनसङ्ख्यालाई शुद्ध खानेपानी पु¥याउने लक्ष्य रहेको उल्लेख गर्दै छुटेका र अति आवश्यक आयोजनाका लागि १५ वटा शाखा कार्यालयका लागि कम्तिमा रु १० करोडका दरले बजेट पठाइएको मन्त्री लम्सालले जानकारी दिए । निर्माण भइसकेका सबै ओभरहेड ट्याङ्कीको पाइप बिछ्याउने काम यसै वर्ष सम्पन्न गरिने उनले बताए । आगामी तीन वर्षमा १० वटा फुटबल रङ्गशाला (आठ हजार क्षमताका) निर्माण गर्ने लक्ष्य रहेको मन्त्री लम्सालले जानकारी दिए ।
जसका लागि रु पाँच अर्ब बजेट विनियोजन गरिएको उनले जानकारी दिए । आगामी तीन वर्षमा आठ हजार क्षमताका आठ वटा क्रिकेट रङ्गशाला निर्माण गरिने छ । यसका लागि रु चार अर्ब बजेट छुट्याइएको छ, मन्त्री लम्सालले भने, आगामी तीन वर्षमा दुई हजार क्षमताका सात वटा कभर्ड हल निर्माणका लागि रु तीन अर्ब ५० करोड बजेट विनियोजन गरिएको छ । रासस्

# नवप्रवर्तनमा लगानी गरे अर्थतन्त्र सुधार्न सकिन्छः मन्त्री पुन



**काठमाडौँ ।**
विज्ञान, प्रविधि तथा नवप्रवर्तनमन्त्री महावीर पुनले नवप्रवर्तनका क्षेत्रमा लगानी गरेर देशको अर्थतन्त्रमा सुधार गर्न सकिने बताएका छन् । प्रतिनिधिसभाको बिहिबारको बैठकमा विनियोजन विधेयकअन्तर्गत विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालयमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उनले संघीय, प्रदेश र स्थानीय तीनै तहका सरकारले आ–आफ्नो पुँजीगत बजेटको एक प्रतिशत रकम विज्ञान तथा नवप्रवर्तन विकासमा विनियोजन गर्न सुझाव दिए ।
‘इनोभेटिभ आइडिया’ भएको जनशक्तिलाई सिर्जनात्मक कार्य गर्न उपयुक्त वातावरणसहितको स्रोतसाधन उपलब्ध गराउनु नै नवप्रवर्तन भएको बताउँदै मन्त्री पुनले विगतमा अनुसन्धान गर्ने अनि कागजमा थन्क्याउने मात्रै काम भइरहेको धारणा व्यक्त गरे ।
सरकारले औद्योगीकरण र अर्थतन्त्रमा सुधारमा जोड दिने बताउँदै उनले बजेटको एक प्रतिशत रकम विनियोजन अहिलेको लागि पर्याप्त रहेको विचार व्यक्त गरे । नवप्रर्वतन प्रभावकारी बनाउन सबैको सहकार्य र सहयोग आवश्यक रहेको बताउँदै मन्त्री पुनले भने, विज्ञान तथा नवप्रवर्तनका विषयमा कार्य सुरु गर्न यससँग सम्बन्धित कानुन, ऐन तथा नीति बनाउनुपर्नेछ ।
नवप्रर्वतनसँगसम्बन्धी विभिन्न विधागत नौ वटा नियमावली बनाउने तयारी भएको पनि उनले जानकारी दिए । उनका अनुसार विज्ञान तथा प्रविधि तथ्यांक ऐन, नेपाल सरकारको कार्यविभाजन नियामावली २०८३ को नियामावलीलाई आधार मानेर मन्त्रालयसँग सम्बन्धित नौ वटा नियमावली बनाउने तयारी रहेको छ ।
मन्त्री पुनले भने, विज्ञान प्रविधि तथा नवप्रवर्तन ऐन २०८३, विज्ञान ऐन, आणविक ऊर्जा ऐन, राष्ट्रिय अनुसन्धान तथा विकास ऐन, आणुविक ऊर्जा ऐन, जैविक सुरक्षा तथा जैविक प्रविधि ऐन, रासायनिक पदार्थ व्यवस्थापन ऐन, वैज्ञानिक मापन तथा मेट्रोलोजी ऐन, विज्ञान तथा प्रविधि तथ्याङ्क ऐनलगायत विभिन्न आवश्यक ऐन ल्याउने योजना छ । उनले मन्त्रालयको कार्य प्रभावकारी बनाउन सर्वप्रथम पूर्वाधार निर्माण र कानुन तर्जुमा आवश्यक रहेको बताए । नेपाल जस्तो विकासोन्मुख देशले नवप्रवर्तनमै जोड दिनुपर्ने धारणा राख्दै मन्त्री पुनले भने, ‘यसले युवाले स्वदेशमै रोजगार पाउँछन् । देशको अर्थतन्त्र वृद्धि हुन्छ ।’ मन्त्री पुनले नवप्रवर्तनका विषयमा नेपालका उद्योगपतिले बुझ्न आवश्यक देखिएको धारणा व्यक्त गरे । रासस

## विपक्षी सांसदको गुनासोः
# संसद्मा उठाएका विषयको सुनुवाइ भएन



**काठमाडौँ ।**
प्रतिनिधि सभाको बिहीबारको बैठकमा विपक्षी दलका सांसदहरूले आफूहरूले उठाएका विषयमा सरकारबाट सुनुवाइ नभएको भन्दै असन्तुष्टि व्यक्त गरेका छन् ।
बैठकमा विपक्षी दलका सांसदहरूले विरोध जनाएपछि सभामुख डोलप्रसाद अर्यालले धारणा राख्न समय उपलब्ध गराएका थिए । सो अवसरमा सांसद नरेन्द्रकुमार केरुङले प्रधानमन्त्रीले संसद् उठाएको राष्ट्रियताको विषय, सम्पत्ति छानबिनसम्बन्धी आयोगको प्रतिवेदन र मानव अधिकारसम्बन्धी प्रतिवेदन कार्यान्वयनलगायत विषयमा पटकपटक ध्यानाकर्षण गराइए पनि त्यसको सुनुवाइ नभएको गुनासो गरे । सांसद लक्ष्मीप्रसाद पोखरेलले अतिक्रमित नेपाली भूमि फिर्ता ल्याउन कूटनीतिक पहल तीव्र बनाउनुपर्नेमा जोड दिँदै गत जेठ १७ गते प्रधानमन्त्रीले दिएको अभिव्यक्ति फिर्ता हुनुपर्ने माग गरे ।
सांसद रमेशकुमार मल्लले प्रतिपक्षी दलले संसद् उठाएका प्रश्नको उचित सम्बोधन नहुने गरेको भनी दुःख व्यक्त गर्दै प्रधानमन्त्रीको अभिव्यक्तिलाई संसद्को अभिलेखबाट हटाउनुपर्ने धारणा राखे । उनले लोकतन्त्र र संवैधानिक व्यवस्था कमजोर हुने अवस्थामा रहेकाले त्यसतर्फ सचेत हुनुपर्नेमा जोड दिए ।
सांसद ऐन महरले संसद्को गरिमा कायम राख्नु सांसद र सरकार दुवैको साझा दायित्व भएको बताए । सांसद हर्कराज राईले भुटानी शरणार्थीका माग र समस्याको उचित सम्बोधन गर्न सरकारसँग आग्रह गरे ।
सांसद ताहिर अली भाटले पेट्रोलियम पदार्थको मूल्य घटाउन माग गर्दै बढ्दो इन्धन मूल्यले आमउपभोक्ता माथि थप आर्थिक भार परेको बताए । रासस

# राष्ट्रिय आर्थिक गणना अन्तिम चरणमा

**काठमाडौँ ।**
राष्ट्रिय आर्थिक गणना, २०८२ अन्तिम चरणमा रहेको छ । गणनामा यही असार ३ गतेसम्म १२ लाख ९८ हजार प्रतिष्ठान सहभागी भएका छन् । कार्यालयका प्रवक्ता ढुण्डीराज लामिछानेका अनुसार कार्यालयले गत वैशाख २ गतेदेखि असार ७ गतेसम्मका लागि राष्ट्रिय गणना अभियान अघि बढाएको छ ।
राष्ट्रिय आर्थिक गणना अहिलेसम्म उल्लासपूर्ण माहोलमा सञ्चालन भइरहेको छ,उनले भने, अझै तीन दिन बाँकी रहेकाले अन्य प्रतिष्ठानलाई राष्ट्रिय आर्थिक गणनामा सहभागी हुन अनुरोध गरिन्छ ।
प्रवक्ता लामिछानेका अनुसार राष्ट्रिय तथ्याङ्क कार्यालयबाट खटिएका तीन हजार ९०६ गणकलाई आवश्यक पर्ने तथ्याङ्क उपलब्ध गराउन आव्हान गरिएको छ । ‘कोही पनि प्रतिष्ठान÷व्यवसाय गणनामा सहभागी हुन नछुटौँ, यो महाअभियानलाई सफल पारौँ’ अभियानलाई कार्यालयले अघि सारेको छ । रासस

# शक्तिशाली बोर्डको अवधारणासहित किसानमैत्री नीति ल्याइनेः मन्त्री चौधरी




**ललितपुर ।**
कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले कानुन संशोधन गरी राष्ट्रिय दुग्ध विकास बोर्डलाई अझ शक्तिशाली र आत्मनिर्भर बनाई किसानमैत्री नीति तथा कार्यक्रम ल्याइने बताएकी छन् । बिहिबार ललितपुरस्थित राष्ट्रिय दुग्ध विकास बोर्डमा दुग्ध व्यवसायीहरुसँग भएको छलफल कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री चौधरीले दूधको उत्पादन, लागत र बजारलाई दृष्टिगत गरी समयसमयमा मूल्य निर्धारण गर्ने, दुग्धजन्य पदार्थ नकिन्ने र समयमा भुक्तानी नदिने व्यवसायीलाई कारबाही गर्ने पक्षमा सरकार रहेको बताएकी हुन् । दुग्ध विकास बोर्ड तथा संस्थानमा राजनीति हाबी भएको, विचौलियाको चलखेल हुने गरेको तथा व्यवस्थापनपक्ष कमजोर देखिएको उल्लेख गर्दै उनले विद्युत्लगायत अत्यावश्यक क्षेत्रमा सहुलियतको व्यवस्था गरी दुग्ध व्यवसायमा संलग्न किसानसहित दुग्ध उद्योग र संस्थानका पक्षमा मन्त्रालय रहेको स्पष्ट गरीन् ।
बोर्डका निमित्त कार्यकारी निर्देशक डा बालक चौधरीले बोर्डलाई नियमन, प्रवद्र्धन र अनुगमनसहितको अधिकार दिनुपर्नेमा जोड दिँदै खाद्य ऐनले व्यवस्था गरेकोभन्दा कम गुणस्तरको दुध बिक्री वितरण भइरहेको भन्ने सन्दर्भमा यथासक्य चाँडो अनुगमन गरी समस्या समाधान गर्ने प्रतिबद्धता व्यक्त गरीन् । दुग्ध विकास संस्थानका महाप्रबन्धक डा शरणकुमार पाण्डेले दुग्ध किसान र उद्योगी प्रोत्साहित हुनेगरी किसानमुखी कार्यक्रम ल्याइएको उल्लेख गर्दै गैरव्यावसायिक र असन्तुलित तरिकाबाट उद्योग व्यवसाय सञ्चालन हुँदा किसान मारमा परेको यथार्थलाई सम्बोधन गर्नेगरी संस्थानमा काम भइरहेको जानकारी दिइन् ।
केन्द्रीय दुग्ध सहकारी सङ्घका अध्यक्ष अमर कुँवरले बोर्डलाई पुनःसंरचना गरेर सशक्त र सुदृढ बनाउनुपर्ने धारणा व्यक्त गरे । नेपाल डेरी साइन्स एसोसियसनका अध्यक्ष शियारामप्रसाद सिंहले दुग्धजन्य पदार्थको दूधको ‘फ्याट’ तीन प्रतिशत र ‘एसएनएफ’ आठ आठ प्रतिशतको मापदण्ड हुनुपर्ने व्यवस्थालाई परिमार्जन गरी ‘फ्याट’ चार दशमलव पाँच प्रतिशत र ‘एसएनएफ’ नौ प्रतिशत कायम गर्नुपर्ने भनी सम्बन्धित निकायको ध्यानाकर्षण गरे । नेपाल डेरी एसोसियसनका अध्यक्ष प्रह्लाद दाहाल, डेरी उद्योग सङ्घका अध्यक्ष राजकुमार दाहाल र केन्द्रीय पशुपन्छी तथा मत्स्य सहकारी सङ्घका अध्यक्ष बाबुराम अधिकारीले चिया, अलैँची, कफी तथा पशुपन्छी क्षेत्रलाई समेटेर नियमन, प्रवद्र्धन र अनुगमनको अधिकारसहित राष्ट्रिय दुग्ध विकास बोर्डको पुनःसंरचना गर्नुपर्ने, दुग्धजन्य पदार्थ र चियाकफी, पशपन्छी व्यवसायमा संलग्न किसान तथा उद्योगीलाई सहुलियत दरमा ऋणको व्यवस्था हुनुपर्ने र स्वदेशी उत्पादनलाई प्राथमिकता दिनुपर्ने बताइन् । रासस

# प्रतिनिधिका अन्तिम नामावली तयारी हुँदै




**चितवन ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को महाधिवेशनमा सहभागी हुने प्रतिनिधिको अन्तिम नामावली तयार गर्ने काम सुरु गरिएको छ । उक्त पार्टीको पहिलो महाधिवेशन चितवन जिल्लाको भरतपुरमा यही असार ७ देखि ९ गतेसम्म हुने भएकाले निर्वाचनमा मतदान गर्ने प्रतिनिधिको नामावली तयारी हुन लागेको हो । केन्द्रीय सङ्गठन विभागका सचिव शङ्कर श्रेष्ठले मधेस प्रदेश र विभिन्न १३ जिल्लामा निर्वाचन हुन नसकेका स्थानमा जिल्ला तदर्थ समितिबाटै प्रतिनिधि चयन गराइने जानकारी दिए । त्यसैगरी, २०७९ को आम निर्वाचनमा उम्मेद्वार भइ निर्वाचित हुन नसकेका प्रत्यक्ष र समानुपातिक उम्मेदवारहरुलाई समेत प्रतिनिधिका रुपमा सहभागी गराइने भएको छ । यस्तै पालिका सभापति, पालिकाको अधिवेशनबाट छनोट भएका महाधिवेशन प्रतिनिधि, केन्द्रीय समिति र केन्द्रीय संरचनामा रहेका प्रतिनिधिहरु महाधिवेशन प्रतिनिधिमा रहनेछन् । केन्द्रका ३८ विभागका ११ जनाका दरले रहेका समितिका सदस्यहरु महाधिवेशन प्रतिनिधिका रुपमा हुनेछन् । तीन आयोगका ११ जनाका दरले रहेका सदस्यहरु र सल्लाहकार पनि प्रतिनिधिका रुपमा रहनेछन् ।
सङ्घीय नेतृत्व मञ्चका सबै सदस्यहरु, सातै प्रदेशका प्रदेश समिति, प्रदेश विभागका प्रमुख, उपप्रमुख र सचिव, जिल्ला समितिका सभापतिसहित पाँचजना महाधिवेशनका लागि प्रतिनिधि बन्नेछन् । विभिन्न जिल्लाका ‘जिल्ला–काठमाडौँ सम्पर्क विभाग’ का प्रमुखहरु, निर्वाचन क्षेत्रका संयोजक र उपसंयोजक पनि प्रतिनिधि रहनेछन् । विभिन्न २५ देशबाट प्रतिनिधिहरु आउने तय भएको छ । ती देशबाट सङ्ख्याका आधारमा तीनदेखि ११ जनासम्म प्रतिनिधि आउने श्रेष्ठले बताए । यससँगै केन्द्रीय सभापतिले विशेष निर्णयमार्फत दुईसय जना महाधिवेशन प्रतिनिधि मनोनयन गर्न पाउने व्यवस्था रहेको छ ।
विधान र पार्टीको निर्णय अनुसार महाधिवेशनमा सहभागी हुने प्रतिनिधिको सूचि तयार गरिँदै छ । महाधिवेशन प्रतिनिधिको एकिन सङ्ख्या साँझसम्ममा तय हुने उनले बताए । यसैसाथ महाधिवेशनमा पर्यवेक्षकका रुपमा सहभागी हुनेहरुको सूची पनि तयार हुँदैछ । महाधिवेशनमा सहभागी हुनका लागि राष्ट्रिय मान्यता प्राप्त दलहरु, विशिष्ट व्यक्तित्व, विदेशी पार्टी तथा अन्य निकायलाई निमन्त्रण पठाउने काम भइरहेको बताइन्छ । महाधिवेशनको पहिलोदिन असार ७ गते भरतपुरको गेष्टहाउस मैदानमा उद्घाटन गरिदै छ । ८ र ९ गते मैदान नजिकै रहेको उद्योग सङ्घको प्रदर्शनी केन्द्रमा बन्दसत्र हुनेछ ।
महाधिवेशनले नयाँ नेतृत्व चयन गर्दैछ । पहिलो चरणमा एकजना सभापति र ९९ जना सदस्य चयन गर्दैछ । निर्वाचित सदस्यबाट दोस्रो चरणमा तीन जना उपसभापति, दुई जना महामन्त्री र चार जना सहमहामन्त्रीका लागि निर्वाचन हुने श्रेष्ठले जानकारी दिए । रासस

# भारी वर्षाका कारण गुआङडोङमा करिब ४० हजार मानिस विस्थापित



**काठमाडौँ ।**
विगत केही दिन देखि दक्षिण चीनको गुआङ्गडोङ प्रान्तका विभिन्न भागहरूमा भएको भारी वर्षाका कारण उक्त क्षेत्रहरूमा बसोबास गर्ने ३७ हजार ६०१ जना बासिन्दाहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको स्थानीय अधिकारीहरूलाई उद्दत गर्दै सिन्ह्वाले रिपोर्ट गरेको छ ।
सिन्ह्वाका अनुसार गुआङ्गडोङ प्रान्तमा तेस्रो स्तरको बाढी नियन्त्रण आपतकालीन प्रतिक्रिया र चौथो स्तरको विपद् राहत आपतकालीन प्रतिक्रिया जारी गरी राखिएको छ । झुहाई र शेन्जेन लगायत धेरै सहरहरूले विद्यालयाहरू बन्द गर्ने सूचना जारी गरेको जनाइएको छ । वर्षाका कारण हुने सुरक्षा जोखिमबाट बच्न चीन रेलवे गुआङझाउ समूहले रेल सञ्चालन समय तालिका समायोजन गरेको पनि उल्लेख गरिएको छ । सिन्ह्वाका अनुसार गुआङ्गडोङ फायर एण्ड रेसकिउ कोरले गत शुक्रबार देखि प्रमुख सहरहरूमा २४७ जना अग्नि नियन्त्रक, ५३ वटा फायर ट्रक र ३७ वटा डुङ्गाहरू तैनाथ राखेको छ ।
यसैबीच, गुआङ्गडोङ प्रान्तीय जलस्रोत विभागले जलाशयहरूमा गस्ती बढाएको जनाएको छ । भारी वर्षाका कारण प्रशासनले आपतकालीन मर्मत–सम्भारका लागि सात हजार २२६ जना कर्मचारी दुई हजार ९९४ सहायक सवारी साधन र दुई हजार १०८ जेनेरेटर आपतकालीन राहतका लागि परिचालन गरेको छ । प्रान्तीय आपतकालीन व्यवस्थापन विभागका अनुसार हाल सम्म कुनै हताहत भएको खबर आएको छैन । सिन्ह्वाका अनुसार, प्रान्तीय मौसम विज्ञान विभागले बिहीबारसम्म भारी वर्षा जारी रहने पूर्वानुमान गरेको छ । शुक्रबार देखि शनिबारसम्म प्रान्तभरि वर्षा सामान्यतया कमजोर हुने उल्लेख गरिएको छ ।
जी–२० जलवायु जोखिम एटलसका अनुसार, जलवायु परिवर्तनले पहिले नै चीनमा विनाशकारी प्रभाव पारेको छ । यस्तै अवस्था रहेमा चीनले विनाशकारी जलवायु प्रभावहरूको सामना गर्नु पर्ने रिपोर्ट गरिएको छ । उत्सर्जन घटाउन तत्काल कदम नचालिएमा, चिनमा गर्मीको लहर लामो समयसम्म रहनेछ र गर्मीसँग सम्बन्धित अतिरिक्त मृत्युहरू बढ्ने जनाइएको छ । सन् २०५० सम्ममा चीनमा दुई करोड ५० लाख भन्दा बढी मानिसहरूले नदी बाढीको सामना गर्नु पर्ने जनाइएको छ ।
चीनले जति छिटो कम कार्बन उत्सर्जन नीतिहरू अपनाउँछ, त्यती नै छिटो जलवायु प्रभावहरू कम हुने र तापक्रम वृद्धिलाई २ डिग्री सेल्सियसमा सीमित गरेमा चीनमा जलवायु प्रभावको लागत घट्ने जनाइएको छ । रासस

## विश्वकप फुटबलः
# उज्वेकिस्तानमाथि कोलम्बियाको जित्




**काठमाडौँ ।**
कोलम्बियाले फिफा विश्वकप फुटबलमा पहिलोपटक सहभागिता जनाएको उज्वेकिस्तानलाई पराजित गर्दै जित हासिल गरेको छ । मेक्सिकोको ऐतिहासिक अज्टेका स्टेडियममा आज भएको खेलमा कोलम्बियाले उज्वेकिस्तानलाई ३–१ गोलअन्तरले पराजित गर्दै प्रतियोगिताको आफ्नो उद्घाटन खेलमा सुखद सुरुआत गरेको हो । कोलम्बियाको जितमा डानिएल मुनोज, लुइस डियाज र जामिन्टन क्याम्पाजले गोल गरे । यता उज्बेकिस्तानको लागि भने अब्बोसबेक फेजुल्लाएभले गोल गरे । कोलम्बियाका डानिएलले खेलको ४०औँ मिनेटमा गोल गर्दै टोलीलाई पहिलो अग्रता दिलाए । त्यसपछि खेलको ६० औँ मिनेटमा उज्वेकिस्तानका अब्बोसबेकले गोलगर्दै खेललाई एक–एक गोलको बराबरीमा ल्याए । उनी विश्वकपमा उज्वेकिस्तानका लागि गोल गर्ने पहिलो खेलाडी बने ।
उज्वेकिस्तानको १–१ गोलको बराबरीमा लामो समयसम्म टिक्न सकेन । खेलको ६५ औँ मिनेटमा कोलम्बियाका लुइसले गोलगर्दै खेललाई २–१ गोलको अग्रता दिलाए । त्यसपछि खेलको दोस्रो हाफको अतिरिक्त समयमा जामिन्टनले गोलगर्दै कोलम्बियालाई ३–१ को जित दिलाए । यस जितसँगै समूह ‘के’ मा रहेको कोलम्बियाले शीर्ष तीन अङ्क बटुलेको छ । रासस

# ग्रामीण सडक स्तरोन्नति गर्न सय दिनको रोजगारी



**भोजपुर ।**
पौवादुङमा गाउँपालिकाले ग्रामीण क्षेत्रका सडक पूर्वाधार सुधारलाई प्राथमिकतामा राख्दै राष्ट्रिय रोजगार कार्यक्रममार्फत काम अघि बढाएको छ ।
स्थानीयस्तरमै रोजगारी सिर्जना गर्दै विकास निर्माणका कामलाई तीव्रता दिने उद्देश्यसहित गाउँपालिकाका सबै वडामा कार्यक्रम सञ्चालन भइरहेको हो । गाउँपालिका रोजगार शाखाका संयोजक टेकबहादुर खड्काका अनुसार कार्यक्रमका लागि सङ्घीय सरकार रु ३१ लाख ७२ हजार र गाउँपालिकाबाट ३१ लाख ७२ हजार बजेट विनियोजन गरिएको छ । यसबाहेक कामदारका लागि आवश्यक औजार उपकरण, सुरक्षा सामग्री खरिद तथा ढुवानी व्यवस्थापन गर्न गाउँपालिकाले थप रु १८ लाख लगानी गरेको छ ।
कार्यक्रममार्फत गाउँपालिकाका सबै छ वडामा गरी ८५ जना स्थानीय नागरिकलाई १०० दिनसम्म रोजगारी प्रदान गरिएको छ । विशेषगरी रोजगारीको अभाव झेलिरहेका विपन्न तथा श्रमिक वर्गलाई लक्षित गरी काम दिइएको संयोजक खड्काले जानकारी दिए । स्थानीयलाई आफ्नै ठाउँमा काम गर्ने अवसर सिर्जना गर्दै विकास निर्माणलाई गति दिने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको हो, उनले भने । यसरी काम गर्नेलाई दैनिक रु ७५४ प्रदान गरिने गरेको गाउँपालिकाले जनाएको छ ।
हालसम्म २५ किलोमिटर नाली निर्माण, पाँच किलोमिटर सडक सोलिङ, २० किलोमिटर क्षेत्रमा झाडी फाँड्ने तथा सरसफाइ गर्ने काम सम्पन्न भएको छ । यसैगरी १०० मिटर सिँढीसहितको पैदलमार्ग निर्माण गरिँदा दुर्गम बस्तीका नागरिकलाई आवतजावतमा सहजता पुगेको छ । गाउँपालिका उपाध्यक्ष ज्योत्सना राईले कार्यक्रमले स्थानीय नागरिकको जीविकोपार्जनमा प्रत्यक्ष टेवा पुर्याउनुका साथै श्रममा आधारित विकासको अवधारणालाई व्यवहारमा उतार्न सहयोग पुगेको बताए । यो कार्यक्रमले गाउँमै रोजगारको अवसर सिर्जना गर्ने वातावरण बनाएको उनले बताए ।
गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवीन भट्टराईले सडक पूर्वाधारलाई वर्षौंभरि सञ्चालनयोग्य बनाउने लक्ष्यसहित स्तरोन्नतिमा जोड दिइएको स्पष्ट पारे । पहिले वर्षायाममा अवरुद्ध हुने सडक अहिले क्रमशः सुधार हुँदै गएका छन्, उनले भने, स्थानीय श्रम प्रयोग गरेर निर्माण गरिँदा लागत पनि कम भएको छ । स्थानीयमा स्वामित्व भावना पनि बढेको छ । ‘गाउँपालिका अध्यक्ष किरण राईले जनसहभागितामूलक विकासलाई प्राथमिकतामा राख्दै यस्ता कार्यक्रममार्फत स्थानीयलाई प्रत्यक्ष रूपमा लाभान्वित गराउने नीति लिइएको बताए । हामी विकासलाई रोजगारीसँग जोडेर अघि बढिरहेका छौँ’, अध्यक्ष राईले भने, ‘यसले दिगो विकासका लागि आधार तयार गरिरहेको छ ।’
स्थानीयवासी ध्रुव राईले स्थानीयलाई आफ्नै ठाउँमा रोजगार बनेर केही आयआर्जन गर्ने अवसर मिलेको उनले बताए । सडक स्तरोन्नतिसँगै दैनिक आवतजावत, कृषिउपज ढुवानी र सेवा प्रवाहमा सहजता भएको उनको भनाइ छ । गाउँपालिकाले आगामी दिनमासमेत यस्ता श्रममुखी तथा जनसहभागितामूलक कार्यक्रमलाई निरन्तरता दिँदै ग्रामीण पूर्वाधारलाई थप सुदृढ बनाउने योजना बनाएको जनाएको छ । सडक सञ्जाललाई गुणस्तरीय र दिगो बनाउँदै आर्थिक गतिविधि विस्तार गर्ने लक्ष्यसहित काम अघि बढाइएको गाउँपालिकाको भनाइ छ । रासस

# वासिङ्टन र तेहरानबीचको एमओयूको सार्वजनिक

**वासिङ्टन ।**
संयुक्त राज्य अमेरिका र इरानले दुई पक्षबिच इलेक्ट्रोनिक रूपमा हस्ताक्षर गरिएको (सम्झौता –पत्र) एमओयू सार्वजनिक गरेका छन् । ज्ञापन पत्रमा तत्काल र स्थायी युद्धविराम, ६० दिन भित्र अन्तिम सम्झौता वार्ता गर्ने प्रतिबद्धताका साथै प्रतिबन्ध राहत, आवागमनको स्वतन्त्रता र पुनर्निर्माणसँग सम्बन्धित उपायहरू समावेश छन् ।
ले प्रकाशित गरेको ज्ञापन पत्रमा लेबनानसहित सबै स्थानमा सैन्य कारबाही तत्काल र स्थायी रूपमा समाप्त गर्ने घोषणा गरिएको छ ।
यस बाहेक, संयुक्त राज्य अमेरिका र इस्लामिक गणतन्त्र इरानले अब देखि एक–अर्का विरुद्ध कुनै युद्ध वा कुनै सैन्य कारबाही सुरु नगर्ने, सार्वभौमिकता र क्षेत्रीय अखण्डतालाई सम्मान गर्ने र एक–अर्काको आन्तरिक मामिलामा हस्तक्षेप गर्न बाट टाढा रहनुका साथै एक–अर्काको विरुद्धमा धम्की वा बल प्रयोग नगर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।
दुवै पक्षले आपसी सहमतिमा अधिकतम ६० दिनमा वार्ता र अन्तिम सम्झौता हासिल गर्ने प्रतिबद्धता जनाएका छन् । अन्तिम सम्झौताले युद्धको अन्त्यलाई औपचारिक बनाउने र दुवै पक्षहरू बिचका सवालहरूलाई सम्बोधन गर्ने अपेक्षा गरिएको छ । यस एमओयूमा हस्ताक्षर भए लगत्तै संयुक्त राज्य अमेरिकाले इस्लामिक गणतन्त्र इरानविरुद्ध आफ्नो नौसैनिक नाकाबंदी हटाउन सुरु गर्ने र ३० दिन भित्र नौसैनिक नाकाबन्दी पूर्ण रूपमा अन्त्य गर्ने जनाइएको छ ।
इरानले खाडी र ओमान बीचमा ६० दिनका लागि व्यावसायिक जहाजहरूको सुरक्षित मार्ग सुनिश्चित गर्ने प्रतिबद्धता पनि व्यक्त गरेको छ । यसैगरी ज्ञापन पत्रमा इरानी अर्थतन्त्रको पुनर्निर्माण र विकासको लागि योजना समावेश छ भने सम्झौताको अन्तिम भागको रूपमा कार्यान्वयन संयन्त्रलाई अन्तिम रूप दिइने उल्लेख गरिएको छ ।
प्रतिबन्ध सन्दर्भमा, संयुक्त राज्य अमेरिका इरान इस्लामिक गणतन्त्र विरुद्ध प्रतिबन्ध सबै प्रकारका समाप्त गर्न संयुक्त राष्ट्र सुरक्षा परिषद् सङ्कल्प सहित, अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी बोर्ड अफ गभर्नरका प्रस्तावहरू, र सबै अमेरिकी प्रतिबन्धहरू, फुकुवा गर्ने जनाइएको छ । आणविक सवालमा इरानले आणविक हतियारहरू खरिद वा विकास नगर्ने प्रतिबद्धता दोहो¥याएको जनाइएको छ ।
दुवै पक्षले आएएइएको पर्यवेक्षणमा पारस्परिक रूपमा सहमत हुने संयन्त्रको अनुसरणमा भण्डार समृद्ध सामग्रीको व्यवस्थापन गर्न समाधान गर्न सहमत भएका छन् । उनीहरूले अन्तिम सम्झौतामा युरेनियम संवर्धन र इरानको आणविक आवश्यकतामाथि पनि वार्ता जारी राख्ने सहमति जनाएका छन् । ज्ञापन पत्रमा अन्तिम सहमति नभएसम्म यथा स्थिति कायम रहने जनाइएको छ । यसमा कुनै नयाँ अमेरिकी प्रतिबन्धहरू र अतिरिक्त सेनाको तैनाती समावेश नरहेको र इरानको आणविक कार्यक्रमको हालको स्थिति परिवर्तित नहुने जनाइएको छ ।
सम्झौता पछि इरानी कच्चा तेल, पेट्रोलियम उत्पादन र सम्बन्धित सेवाहरूको निर्यातलाई अनुमति दिने छूट जारी गर्ने, नियन्त्रण गरिएको इरानी कोष र सम्पत्ति खुल्ला गर्ने जनाइएको छ । ज्ञापनपत्रको कार्यान्वयन र अन्तिम सम्झौताको अनुपालनको निगरानी गर्न संयुक्त संयन्त्रको स्थापनाको पनि व्यवस्था गरिएको छ ।
सैन्य कारबाहीको अन्त्य, आवागमन स्वतन्त्रता र आर्थिक प्रतिबन्धहरू कम गर्न प्रमुख प्रावधानहरूको कार्यान्वयन पछि अन्तिम सम्झौतामा वार्ता सुरु हुने जनाइएको छ भने अन्तिम सम्झौता संयुक्त राष्ट्र सुरक्षा परिषद्को बाध्यकारी प्रस्ताव मार्फत स्वीकृत हुने छ । रासस

## पशुपालन प्रवर्द्धनका लागि
# बिर्तामोडमा चापकटर र काउम्याट वितरण




**झापा ।**
बिर्तामोड नगरपालिकाले पशुपालन व्यवसायलाई प्रवद्र्धन गर्ने उद्देश्यले कृषकलाई सहुलियतमा चापकटर र काउम्याट वितरण गरेको छ । नगरपालिकाको पशुपन्छी तथा मत्स्य विकास शाखाअन्तर्गत सञ्चालन गरिएको ५० प्रतिशत लागत साझेदारी कार्यक्रममार्फत ३० थान कुटी काट्ने चापकटर र ६५ थान काउम्याट कृषकलाई हस्तान्तरण गरिएको हो ।
सामग्री नगर प्रमुख पवित्रा महतारा प्रसाई र उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाले बुधबार आयोजित कार्यक्रममा वितरण गरेका छन् । नगरपालिकाले सामग्री वितरणका लागि गत पुस ९ गते सार्वजनिक सूचना जारी गरेको थियो । त्यसअनुसार चापकटरका लागि २५० र काउम्याटका लागि ९२ वटा निवेदन परेको थियो ।
पशुपन्छी तथा मत्स्य विकास शाखा प्रमुख सावित्रा दाहालका अनुसार प्राप्त निवेदनको स्थलगत अनुगमनपछि मापदण्डका आधारमा लाभग्राही छनोट गरिएको हो । कार्यक्रममा नगर प्रमुख प्रसाईले सहुलियतमा प्राप्त सामग्रीको प्रभावकारी उपयोग गर्दै उत्पादन वृद्धि र व्यावसायिक पशुपालन विस्तारमा ध्यान दिन कृषकलाई आग्रह गरेकी छिन् ।
नगरपालिकाले कृषकको उत्पादन लागत घटाउने, पशुपालनलाई आधुनिक बनाउने तथा आयआर्जन बढाउने लक्ष्यका साथ यस्ता लागत साझेदारीका कार्यक्रम हरेक वर्ष सञ्चालन गर्दै आएको जनाएको छ । नगरपालिकाका अनुसार कृषि तथा पशुपालन क्षेत्रलाई उत्पादनमुखी र व्यावसायिक बनाउन आवश्यक उपकरणमा सहुलियत उपलब्ध गराउने नीति आगामी वर्षहरूमा पनि निरन्तर रहनेछ । रासस

# शीतभण्डार सञ्चालन नहुँदा किसान मर्कामा

**कञ्चनपुर ।**
दोधारा चाँदनी नगरपालिकालाई हस्तान्तरण गरिएको शीतभण्डार सञ्चालनमा नआउँदा किसान भने मर्कामा परेका छन् । सुदूरपश्चिम प्रदेशले शीतभण्डार आर्थिक वर्ष २०७९ मा दोधारा चाँदनी नगरपालिकालाई हस्तान्तरण गरेको थियो । प्रदेश सरकारको कूल रु ६० लाखको लागतमा निमार्ण पुराभएको शीतभण्डार सञ्चालनमा नआपछि स्थानीय कृषकका आलु तथा प्याज लगायतका तरकारी कुँहिने समस्यामा परेको स्थानीय कृषकहरुले गुनासो गर्न थालेका छन् । सुदूरपश्चिम प्रदेश सरकारले निर्माण गरेर हस्तान्तरण गरेको शीतभण्डार सञ्चालनका लागि ‘थ्री फेज’ विद्युत् लाइन जडान गर्न नसक्दा प्रयोगमा ल्याउन नसकिएको दोधारा चाँदनी नगरपालिकाका कृषि विकास अधिकृत कमलावती भट्टले जानकारी दिए । यस वर्ष पाँचकट्ठा क्षेत्रफलमा आलुखेती गरेका दोधारा चाँदनी नगरपालिकाका प्रेम रोकायाले भण्डारण गर्ने उचित ठाउँ नहुँदा उचित मूल्य नपाउने गरेको बताएका छन् ।
उनले शीतभण्डार सञ्चालन नहुँदा बिउका लागि छुट्याएर राखेको आलुसमेत कुहिन थालेको बताएका छन । पछिल्लो समय सरकारले दिने अनुदानका कारण तरकारी खेतीमा आकर्षण बढे पनि उत्पादनलाई सुरक्षित भण्डार गर्न नसक्दा यहाँका किसानहरुले नोक्सानी बेहार्नुपरेको छ । रासस

# कैलाली चुरेका भैँसी र बाख्रा पाल्ने किसानलाई अनुदान

**कैलाली ।**
कैलालीको चुरे गाउँपालिकाले व्यावसायिक रूपमा भैँसी पाल्ने किसानलाई ५० हजार रुपैयाँ अनुदान दिएको छ । किसानलाई व्यावसायिक बनाउन तथा दुग्धजन्य पदार्थको उत्पादनमा वृद्धि गरी गाउँपालिकालाई आत्मनिर्भर बनाउने उद्देश्यले प्रतिभैँसी ५० हजारका दरले अनुदान दिएको गाउँपालिकाले जनाएको छ ।
गाउँपालिकाले चालु आवको वार्षिक स्वीकृत कार्यक्रमअनुसार गाउँपालिकाका छवटै वडामा फर्म



दर्तागरी भैँसीपालन गर्दै आउनुभएका १० जना किसानलाई प्रतिभैँसी ५० हजार रुपैयाँका दरले अनुदान प्रदान गरिएको पशु शाखा प्रमुख धर्मराज भट्टले बताए ।
यसैगरी, गाउँपालिकाले व्यावसायिक रूपमा बाख्रा पाल्दैआएका किसानलाई अनुदान दिएको छ । चालु आर्थिक वर्षमा बाख्रापालक किसानलाई अनुदानका लागि चार लाख र भैँसीका लागि पाँच लाख बजेट विनियोजन गरेको थियो । भैँसी प्रवद्र्धनका लागि व्यावसायिक फर्मको हकमा दुईवटा माउ भैँसी समूहको हकमा कम्तीमा ३० वटा हुनुपर्ने, बाख्रा प्रवद्र्धन कार्यक्रमका लागि फर्मको हकमा कम्तीमा ३० वटा र समूहका हकमा कम्तीमा २०० वटा माउ हुनुपर्ने प्रावधान रहेको शाखा प्रमुख भट्टले बताए ।
यसैगरी, चुरे गाउँपालिका–६ ले वडाभित्रका १० जना एकल महिलालाई बाख्रा वितरण गरेको छ । विपन्न, असहाय महिलाको आयआर्जनमा सहजता होस् भन्ने उद्देश्यले एक लाखको बजेटमा १० जना एकल महिलालाई बाख्रा वितरण गरिएको वडाध्यक्ष प्रेमबहादुर साउदले जानकारी दिए । रासस



जावलाखेलमा भक्तजनको घुइँचोः वर्षा र सहकालका देवता रातो मच्छिन्द्रनाथको रथ बुधबार साँझ जावलाखेलमा पुऱ्याएपछि बिहीबार बिहानैदेखि दर्शन एवम् पूजाआजा गर्न आउने भक्तजनको घुइँचो । तस्बिरः रासस

# परराष्ट्रमन्त्रीको चीन भ्रमण द्विपक्षीय सम्बन्ध थप विस्तारमा फलदायी

काठमाडौँ ।
परराष्ट्रमन्त्री शिशिर खनाल मित्रराष्ट्र जनवादी गणतन्त्र चीनको चार दिने औपचारिक भ्रमण सम्पन्न गरी स्वदेश फर्केका छन् ।
उनी चीनका विदेश मामिलामन्त्री तथा चिनियाँ कम्युनिष्ट पार्टी केन्द्रीय समितिका राजनीतिक ब्युरो सदस्य वाङ यीको मैत्रीपूर्ण निमन्त्रणामा आइतबार बेइजिङ पुगेका थिए । भ्रमणका क्रममा सोमबार मन्त्री खनाल र विदेश मन्त्री वाङबीच द्विपक्षीय भेटवार्ता भएको मन्त्रालयले जनाएको छ ।
सो अवसरमा दुवै देशका प्रतिनिधिमण्डलबीच नेपाल–चीन द्विपक्षीय सम्बन्धका सबै पक्षहरूमा गहन एवम् उपलब्धिमूलक छलफल भएको मन्त्रालयद्वारा बिहीबार जारी भ्रमणसम्बन्धी प्रेस विज्ञप्तिमा जनाइएको छ ।
'आपसी मित्रता, सद्भावना र सहयोगमा आधारित नेपाल–चीन सम्बन्धलाई थप सुदृढ तुल्याउने विषयमा दुवै पक्षबीच एकमत रहेको थियो । नेपालका तर्फबाट एक चीन सिद्धान्तप्रति रहिआएको नेपाल सरकारको प्रतिबद्धता दोहोऱ्याउँदै नेपालको भूमिलाई चीनको हितविरुद्ध प्रयोग हुन नदिइने स्पष्ट पारिएको छ,' विज्ञप्तिमा भनिएको छ, 'चिनियाँ पक्षबाट नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता र स्वतन्त्रताप्रति रहिआएको चीन सरकारको दृढ समर्थन दोहोऱ्याउँदै सुशासन तथा आर्थिक विकासका क्षेत्रमा नेपाल सरकारले निर्दिष्ट गरेका प्राथमिकता उपर पूर्ण समर्थन रहने विश्वास व्यक्त गरिएको छ ।'
साथै, पारस्परिक सम्मान तथा एकअर्काका प्राथमिकता एवम् संवेदनशीलताप्रति रहिआएको प्रतिबद्धता दोहोऱ्याउँदै दुई पक्षबीच पूर्वाधार, कनेक्टिभिटी, सीमा व्यवस्थापन, ऊर्जा, व्यापार, लगानी, कृषि, प्रविधि हस्तान्तरण, सूचना प्रविधि तथा डिजिटलाइजेसन, पर्यटन, रासायनिक मल, पेट्रोलियम तथा प्राकृतिक ग्यास अन्वेषण र जनस्तरको सम्बन्धलगायत विविध क्षेत्रमा सहयोग विस्तार गर्ने विषयमा छलफल भएको थियो ।
यसैगरी, विगतमा सहमति भएका द्विपक्षीय कार्यक्रम तथा परियोजनाहरूको शीघ्र कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्दै बहुपक्षीय एवम् क्षेत्रीय मञ्चहरूमा साझा हितका विषयमा सहकार्य अघि बढाउने कुरामा जोड दिइएको मन्त्रालयले जनाएको छ । भेटवार्तापश्चात् मन्त्री खनाल विदेशमन्त्री वाङले आयोजना गरेको रात्रिभोजमा सहभागी भएका थिए ।
यसअघि, सोही दिन मन्त्री खनाल र चिनियाँ कम्युनिष्ट पार्टीको केन्द्रीय समितिको अन्तरराष्ट्रिय विभाग प्रमुख लिउ हाइसिङबीच भेटवार्ता भएको थियो । सो अवसरमा नेपाल–चीन सम्बन्ध सुदृढीकरण एवम् द्विपक्षीय सहयोग विस्तार गर्ने बारेमा विचारको आदानप्रदानका साथै दलहरूबीच सम्पर्क र सहकार्य विस्तार गर्ने सम्भावना समेतका विषयमा छलफल भएको मन्त्रालयको भनाइ छ ।
भ्रमणकै दौरान मंगलबार मन्त्री खनाल र चिनियाँ जनराजनीतिक परामर्श सम्मेलनको राष्ट्रिय समितिका अध्यक्ष वाङ हुनिङबीच पनि भेटवार्ता भएको थियो । सो अवसरमा नेपाल र चीनबीच रहेको सुमधुर, मैत्रीपूर्ण एवम् सहयोगात्मक सम्बन्ध आगामी दिनमा थप सुदृढ तुल्याउनुका साथै प्राथमिकताका क्षेत्रमा सहकार्य प्रवर्द्धन गर्ने बारेमा विचार विमर्श भएको विज्ञप्तिमा उल्लेख छ ।
सोही दिन साँझ नेपालमा चिनियाँ लगानी प्रवद्र्धन गर्ने उद्देश्यले बेइजिङस्थित नेपाली राजदूतावासद्वारा आयोजना गरिएको लगानी सम्मेलनमा मन्त्री खनाल सहभागी भएका थिए ।साथै उनसँग चिनियाँ व्यवसायी, उद्यमी र लगानीकर्ताहरूको भेटवार्ता भएको थियो । सो अवसरमा नेपाल लगानी बोर्डका प्रतिनिधिबाट प्रस्तुतीकरण एवम् सहभागीहरूबीच विस्तृत अन्तरक्रिया भएको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री खनालले चिनियाँ लगानीकर्ताहरूलाई नेपालमा लगानी गरी आपसी आर्थिक वृद्धिका साथै समृद्धिको नयाँ अध्याय निर्माण गर्न आह्वान गरेका थिए । नेपालमा विद्यमान आर्थिक सम्भावना र जनसांख्यिकीय सामर्थ्यबारे प्रकाश पार्दै उनले लगानी तथा व्यवसायमैत्री वातावरण निर्माण गर्न नेपाल सरकार प्रतिबद्ध रहेको अवगत गराएका थिए । सो अवधिमा नेपाली राजदूतावास बेइजिङद्वारा आयोजित स्वागत समारोहमा सहभागी भई उनले चीनमा रहेका नेपाली समुदायका प्रतिनिधिहरूसँग समेत भेटघाट र अन्तक्रिया गर्नुभएको थियो । उनहरूलाई सुशासन, आर्थिक विकास तथा समृद्धिलाई संस्थागत गर्ने नेपाल सरकारको प्राथमिकताका बारेमा अवगत गराउँदै मन्त्री खनालले राष्ट्र निर्माणको अभियानमा सक्रिय रूपमा सहभागी हुन आह्वान गर्नुभएको थियो,' विज्ञप्तिमा जनाइएको छ ।
त्यसैगरी, दुतावासको कामका बारेमा जानकारी लिँदै मन्त्री खनालले त्यहाँका अधिकारीहरूलाई नेपाल–चीन सम्बन्धलाई अझ सुदृढ गर्दै प्रभावकारी रूपमा आर्थिक एवम् विकास कूटनीति सञ्चालन गर्न र चीनमा रहेका नेपालीहरूको हितको रक्षा गरी प्रभावकारी सेवा प्रदान गर्न निर्देशन दिएका थिए ।
मन्त्री खनालले भ्रमणकै दौरान दुतावासमा आयोजित नेपाली, चिनियाँ तथा अन्तरराष्ट्रिय मिडियासँगको छुट्टाछुट्टै भेटमा नेपालको परराष्ट्र नीति, नेपाल–चीन सम्बन्ध, नवगठित नेपाल सरकारका प्राथमिकता तथा अन्तरराष्ट्रिय समुदायसँग नेपालको संलग्नताबारे विचार व्यक्त गरेका थिए । साथै, उनले बेइजिङस्थित मियाओयिङ मन्दिरमा रहेको श्वेत स्तूपको अवलोकन गरेको मन्त्रालयले जनाएको छ । नेपालका राष्ट्रिय विभूति अरनिकोद्वारा डिजाइन गरिएको उक्त सांस्कृतिक धरोहर नेपाल र चीनबीच विद्यमान बहुआयामिक साँस्कृतिक र जनस्तरको सम्बन्धको प्रतीकका रूपमा रहेको छ । साथै, नेपालको ऐतिहासिक सौम्य शक्ति, नेपाली शिल्पकर्मीहरूको अन्तरराष्ट्रिय पहिचान तथा नेपाली वास्तुकलाको उदाहरणका रूपमा समेत रहिआएको छ ।
त्यसैगरी, बेइजिङस्थित 'चाइनिज एकेडेमी अफ साइन्स'को 'इन्स्टिच्यूट अफ टिबेटियन प्लाटो रिसर्च' भ्रमण गरी उनले उक्त संस्थाका गतिविधिहरू तथा त्रिभुवन विश्वविद्यालयसहित नेपाली अन्य संस्थाहरूसँग भइरहेको सहकार्यबारे जानकारी लिएका थिए । मन्त्री खनालले संस्थाका उच्च पदाधिकारीहरूसँगको अन्तरक्रियामा विज्ञान तथा प्रविधिको क्षेत्रमा नेपाल र चीनबीचको सहकार्यलाई अझ गहिरो र फलदायी बनाउनु पर्ने आवश्यकता रहेको विषयमा जोड दिएका थिए । साथै, उनले बेइजिङस्थित चीनको पहिलो 'हाइ–टेक' तथा 'नेशनल इनोभेसन डेमोन्स्ट्रेसन जोन'का रूपमा रहेको झोङग्वानछुन विज्ञान पार्कको अवलोकन गरी त्यहाँको क्रियाकलाप तथा प्राथमिकताका बारेमा जानकारी हासिल गरेका थिए । भ्रमणमा त्यहाँका विदेश मन्त्री र उच्च पदाधिकारीहरूसँग भएको भेटघाट एवम् अन्य कार्यक्रमहरूमा मन्त्री खनालको सहभागिताबाट मैत्रीपूर्ण र बहुआयामिक नेपाल–चीन सम्बन्धलाई थप सुदृढ तुल्याई आपसी हितका विषयमा निरन्तर सहयोग विस्तार तथा सुदृढीकरण गर्ने कार्यमा उल्लेखनीय योगदान पुगेको मन्त्रालयको भनाइ छ ।
यसका अलावा छिमेकीलगायत सबै मुलुकसँग स्वतन्त्र, व्यावहारिक एवम् सहयोगात्मक सम्बन्ध विस्तार गर्दै आर्थिक तथा विकास कूटनीति प्रवद्र्धन गर्ने नेपाल सरकारको उद्देश्य हासिल गर्ने दिशामा यस भ्रमणले महत्वपूर्ण सहयोग पुऱ्याएको विश्वास लिईएको छ ।
भ्रमणदलमा परराष्ट्र मन्त्रालय तथा नेपाली राजदूतावास बेइजिङका पदाधिकारीहरू सहभागी थिए । रासस



# बाजुराको लाम्पाटा सुरक्षा वेशमा हेलिकप्टरमार्फत बन्दोबस्तीका सामग्री पुऱ्याइयो

**काठमाडौँ ।**
बाजुराको हिमाली गाउँपालिकास्थित लाम्पाटामा स्थापना गरिएको अस्थायी संयुक्त सुरक्षा वेशमा बन्दोबस्तीका सामग्री पुऱ्याइएको छ । सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय हल्चोकबाट पठाइएका ती सामग्री बाजुरास्थित गुल्मबाट बुधबार बिहान हेलिकोप्टरमार्फत लाम्पाटा पुऱ्याइएको हो ।
स्थानमा सशस्त्र प्रहरी निरीक्षकको कमाण्डमा गत जेठ ३१ गते सशस्त्र प्रहरी बल नेपाल र नेपाल प्रहरीको संयुक्त अस्थायी सुरक्षा वेश स्थापना गरिएको थियो ।
नं. ७ बैध्यनाथ वाहिनी मुख्यालयका वाहिनिपती सशस्त्र प्रहरी नायब महानिरीक्षक दिग्विजय सुवेदीले लाम्पाटा पुगेर त्यहाँ तैनाथ सुरक्षाफौजको कामकारवाही बारे जानकारी लिनुका साथै आवश्यक निर्देशन दिएको सशस्त्र प्रहरीका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिए ।
सशस्त्र मुख्यालयबाट परिचालन गरिएको सो टोलीलाई अनुगमन, निर्देशन र आवश्यक समन्वयसमेत हेडक्वार्टरबाटै हुनेछ । सशस्त्र प्रहरी निरीक्षकको कमाण्डमा सो टोली जेठ २७ गते त्यसतर्फ प्रस्थान गरेको थियो ।
केही दिनयता सो क्षेत्रमा बाजुरा र हुम्लाका नागरिकबीच सामान्य विवाद उत्पन्न भएको थियो । रासस

# गर्मी छल्न भेडेटार आउने पर्यटकको कोसेली 'अर्गानिक तरकारी'

**संगीता राई/रासस**
**धरान ।**
साँझ पर्न थालेको छ । सवारीहरू भेडेटार चोकमा लामबद्ध छन् । केही पर्यटक होटलबाट चेकआउट गर्दैछन्, केही दिनभरको घुमफिरपछि घर फर्कने तयारीमा छन् । तर उनीहरूको यात्रा अझै पूरा भएको छैन ।
गाडी चढ्नुअघि धेरैजसो पर्यटकहरू सडकछेउका तरकारी पसलतर्फ लम्किएका छन् । कसैले रायोको साग किनिरहेका छन् त कसैले अकबरे खुर्सानी रोज्दै छन् । कतिपयले त किबी, आलु, सिमी र बोडीका झोला गाडीको डिक्कीमा हालिसकेका छन् ।
पहिलो नजरमा यो सामान्य व्यापारजस्तो देखिए पनि यसले भेडेटारको बदलिँदो आर्थिक र सामाजिक चित्रलाई बयान गरिरहेको छ । एकातिर गर्मीबाट राहत खोज्दै पहाड उक्लिने पर्यटक छन् भने अर्कोतिर उनीहरूकै आगमनले जीवन धान्ने किसान र व्यापारी । पछिल्ला वर्षहरूमा भेडेटार केवल चिसो मौसमको गन्तव्य मात्र बनेको छैन, यो स्थानीय कृषि उत्पादनको महत्वपूर्ण बजारका रूपमा पनि विकसित हुँदै गएको छ ।
तराईमा तापक्रम बढ्नासाथ भेडेटारको चहलपहल बढ्न थाल्छ । विराटनगर, इटहरी, धरान, दमक, इनरुवा, झापा र आसपासका सहरबाट दैनिक हजारौं मानिस शीतल हावा खोज्दै यहाँ आइपुग्छन् । समुद्री सतहबाट एक हजार चार सय ३० मिटर उचाइमा रहेको भेडेटारको मौसम उनीहरूका लागि केही घण्टाको भए पनि राहतको अनुभूति हो ।
एकैछिन घाम लाग्ने, केही बेरमै कुहिरोले डाँडा ढाक्ने, अनि फेरि चिसो हावाले शरीर स्पर्श गर्ने भेडेटारको आफ्नै लय छ । यही लयले वर्षौँदेखि पर्यटकलाई आकर्षित गर्दै आएको छ । तर अहिले पर्यटकको आकर्षण केवल मौसममा सीमित छैन । यहाँको अर्को आकर्षण बनेको छ, स्थानीय किसानको खेतबाट सिधै बजारमा पुगेको ताजा अर्गानिक उत्पादन ।
भेडेटार चोकमा विगत १६ वर्षदेखि तरकारी तथा फलफूल व्यापार गर्दै आएका दिपेश मगरका अनुसार गर्मी याम सुरु भएसँगै व्यापारको स्वरूप नै बदलिन्छ । बिहानैदेखि तरकारी बोकेका गाडीहरू आइपुग्छन् । धनकुटाको राजारानी, नाम्जे, धुम्की, मूलघाट, डाँडाबजार र भोजपुरका गाउँहरूबाट ल्याइएका ताजा उत्पादनहरू पसलमा सजाइन्छन् । दिनभर पर्यटकको भीड लाग्छ र साँझसम्म अधिकांश सामग्री बिक्री भइसकेको हुन्छ ।
'पहिले मानिसहरू घुम्न आउँथे र फर्किन्थे,' मगर् भन्छन्, 'अहिले धेरैजसोले फर्किँदा तरकारी पनि लैजान्छन्, पहाडको उत्पादन स्वादिलो र ताजा हुन्छ भन्ने विश्वास उपभोक्तामा बढेको छ ।' उनका अनुसार बजारमा विषादीयुक्त तरकारीको चर्चा बढिरहेका बेला उपभोक्ताहरू अर्गानिक र स्थानीय उत्पादनप्रति आकर्षित भएका छन् ।
स्थानीय किसान बुद्ध राईका अनुसार पहाडी क्षेत्रमा उत्पादन हुने तरकारीको स्वाद फरक हुन्छ । 'यहाँको माटो, पानी र मौसमले उत्पादनलाई विशेष बनाउँछ,' उनले भने, 'कहिलेकाहीँ मूल्य केही बढी पर्छ, तर ग्राहकले गुणस्तरका कारण स्वीकार गर्छन् ।'
पर्यटकका कारण स्थानीय कृषकको जीवनमा पनि परिवर्तन आएको छ । केही वर्षअघिसम्म गाउँमा उत्पादन भएको तरकारी बेच्न किसानले बजार खोज्नुपर्थ्यो । अहिले भने बजार आफैँ किसानको ढोकासम्म पुगेको अनुभूति हुन्छ । पर्यटकको माग बढेपछि उत्पादन बढाउने किसान पनि बढेका छन् । कतिपयले नयाँ बाली लगाउन थालेका छन् भने कतिले व्यावसायिक खेतीतर्फ पाइला चालेका छन् ।
पर्यटन र कृषिबीचको यही सम्बन्धले भेडेटारलाई अन्य पर्यटकीय गन्तव्यभन्दा फरक बनाएको छ । यहाँ आउने पर्यटक केवल प्राकृतिक सौन्दर्य हेरेर फर्किँदैनन्, उनीहरूले स्थानीय अर्थतन्त्रमा प्रत्यक्ष योगदान पनि पुऱ्याउँछन् ।
विराटनगरबाट साथीहरूसँग भेडेटार घुम्न आएकी सरिता शर्मा हातमा सागसब्जीको झोला बोकेर मुस्कुराउँदै थिइन् । उनले भनिन्, 'यहाँ आउँदा मौसमको मज्जा त पाइन्छ नै, फर्किँदा घरका लागि ताजा तरकारी पनि लैजान पाइन्छ, अहिले त भेडेटार आएर तरकारी नकिनी फर्किएजस्तो लाग्दैन ।'
सरिताको अनुभव धेरै पर्यटकसँग मेल खान्छ । कतिपयले आफ्ना लागि किन्छन्, कतिपयले आफन्तलाई कोसेलीका रूपमा लैजान्छन् । यसरी स्थानीय उत्पादन भेडेटारबाट पूर्वी तराईका सहरहरूसम्म पुगिरहेको छ ।
होटल एसोसिएसन भेडेटारका सचिव रमेश श्रेष्ठका अनुसार अहिले दैनिक ३० देखि ४० हजार पर्यटक भेडेटार पुग्ने गरेका छन् । सप्ताहन्त र सार्वजनिक बिदाका दिन यो संख्या ६० हजार हाराहारी पुग्छ । तीमध्ये केही पर्यटक रात बिताउँछन् भने धेरैजसो केही घण्टा घुमेर फर्किन्छन् । तर छोटो बसाइ भएका पर्यटकले पनि स्थानीय बजारमा खर्च गर्ने भएकाले आर्थिक गतिविधि उल्लेख्य रूपमा बढेको छ ।
भेडेटारमा अहिले साना–ठूला गरी डेढ सयभन्दा बढी होटल सञ्चालनमा छन् । होटल, रेष्टुराँ, चिया पसल, कृषि उत्पादन बिक्रेता, ढुवानी व्यवसायी, हस्तकलाका व्यापारी सबै पर्यटनसँग जोडिएका छन् । पर्यटकको आगमनले एउटा सम्पूर्ण स्थानीय अर्थतन्त्रलाई चलायमान बनाइरहेको छ ।
भेडेटार आसपासका पाथीभरा मन्दिर, स्काइ वाक, शंखेश्वर महादेव मन्दिर, नाम्जे, नमस्ते झरना, शैलुङडाँडा, चाल्स प्वाइन्ट, गुम्बा तथा ध्वजेडाँडाजस्ता गन्तव्यले पनि पर्यटकलाई आकर्षित गरिरहेका छन् । यी स्थल घुम्ने क्रममा पर्यटक स्थानीय गाउँसम्म पुग्छन् र त्यहाँको उत्पादनसँग परिचित हुन्छन् । यसले ग्रामीण पर्यटन र कृषि दुवैलाई फाइदा पुऱ्याएको छ ।
विशेषज्ञहरूका अनुसार स्थानीय उत्पादन र पर्यटनलाई जोड्न सकिए ग्रामीण विकासको दिगो मोडेल निर्माण गर्न सकिन्छ । भेडेटारमा त्यही सम्भावना विस्तारै देखिन थालेको छ । यहाँको कृषि उत्पादनले पर्यटकलाई आकर्षित गरिरहेको छ भने पर्यटकले किसानलाई बजार उपलब्ध गराइरहेका छन् । दुवै पक्षले एकअर्कालाई बलियो बनाइरहेका छन् ।

# पोषणमैत्री बने बडिगाडका ८ वडा

**बागलुङ ।**
बडिगाड गाउँपालिकाका आठ वटा वडालाई पोषणमैत्री वडा घोषणा गरिएको छ । गाउँपालिका नै स्थानीय शासनयुक्त घोषणाका वडा घोषणा अन्तिम चरणमा पुगेको छ ।
गाउँपालिकाले सङ्घीय सरकारको सहयोगमा तीन वर्ष यता पोषणमैत्री गाउँपालिका बनाउने अभियान सफल भएको छ । गाउँपालिका १, २, ५, ६, ७, ८, ९, १० नम्बर वडालाई पोषणमैत्री वडा घोषणा सम्पन्न गरिएको छ भने क्रमश ३ र ४ वडालाई पनि पोषणमैत्री घोषणा गरेर बडिगाड गाउँपालिकाले पोषणमैत्री गाउँपालिका घोषणा हुने बडिगाड गाउँपालिकाका अध्यक्ष गण्डकी थापा अधिकारीले जानकारी दिइन् ।
थापाका अनुसार जेठ २८ गते बडिगाड गाउँपालिका–९ दुर्लिङलाई पहिलो वडाको रूपमा घोषणा गरिएको र जेठ २९ गते ५ नम्बर, जेठ ३० गते १ नम्बर वडा, ३१ गते ५ नम्बर वडा, असार १ गते ७ नम्बर वडा, असार २ गते २ नम्बर वडा र असार ३ गते ८ र १० वडालाई पोषणमैत्री घोषणा गरिएको छ । असार ४ गते सम्म १० वटै वडालाई पोषणमैत्री वडा घोषणा गरिने गाउँपालिकाले जनाएको छ ।
पोषणमैत्री गाउँपालिका निर्माणका लागि आवश्यक ३४ वटै सूचक पूरा भएपछि पोषणमैत्री वडा घोषणा भइरहेको छ । जिल्ला स्तरीय अनुगमन समितिको अनुमतीमा पोषणमैत्री वडा घोषणा भइरहेको हो ।




बडिगाड गाउँपालिकामा तीन वर्ष यता पोषण सुधारमा थुप्रै काम भएको स्थलगत अनुगमनमा देखिएको र विभिन्न समूहहरू गठनगरी पोषण सचेतना सहित आवश्यक सबै तयारी पुरा भई वडाहरू पोषणमैत्री घोषणा भइरहेको बडिगाड गाउँपालिकाका उपाध्यक्ष भिमसेन वनले जानकारी दिए ।
गाउँपालिकामा आर्थिक वर्ष २०७९÷०८० देखि गाउँपालिकाले पोषणमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयनमा ल्याएर वडा–वडामा सहजकर्ता खटाउने, तालिम दिने, करेशावारी, भान्सा, गोठ सुधार सँगै रैथाने अन्नबालीको उपयोगमा जोड दिएपछि गाउँपालिका पोषणमैत्री बनेको छ ।
विद्यालयका विद्यार्थीले विद्यालयमा पत्रुखाजा निषेध गरेर सातु, कोदोको हलुवा, खिर, चना र अण्डा लगायतका खाजा खुवाउन थालिएको छ । अहिले विद्यालयमा शुद्ध खानेपानी देखि तौल गर्ने स्वास्थ्य चौकी आएका बालबालिकालाई अण्डा उपहार समेत दिन थालिएको बडिगाड गाउँपालिका–१० स्थित दुर्गममा रहेको दुर्लिङ आधारभूत स्वास्थ्य केन्द्रका भीम कुमारी बुढा मगरले जानकारी दिइन् ।
बडिगाडका सबै विद्यालयमा पत्रु खाना (जङ्क फुड) लैजान रोक लगाइएको छ । विद्यार्थीले घरबाटै ल्याउनुपरेमा पनि पोषणयुक्त खाना मात्र विद्यालयमा ल्याउन पाइने नियम छ । विद्यालयबाहेकको समयमा पनि घर र समुदायमा पुगी पोषणयुक्त खानेकुराको महत्व र प्रयोगका बारेमा सचेतना जगाउने काम भइरहेको बडिगाड गाउँपालिका–१ का पोषण सहजकर्ता टीका गिरीले बताए । गाउँपालिकाका पोषणमैत्री घोषणा गर्न दसवटै वडामा पोषण प्रवद्र्धन तथा सुधारका गतिविधि सञ्चालन सम्पन्न भइसकेको र स्वास्थ्य, शिक्षा, कृषि, पशु, खानेपानी तथा सरसफाइ, महिला तथा बालबालिका र शासकीय प्रबन्धका क्षेत्रमा तोकिएका सूचकहरू पूरा भएको कार्यक्रमका संयोजक शेरबहादुर बुढाले बताए ।
गाउँपालिकाभित्र रहेका ६९ टोल पूर्ण सरसफाइयुक्त घोषणा, सबै स्वास्थ्य संस्था समेत पोषणमैत्री बनिसकेको उनको भनाइ छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ल्याएको 'पोषणमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि–२०८०' ले पोषणमैत्री स्थानीय तह घोषणाका लागि ३४ वटा सूचक तय गरेको मा सबै सूचकमा नतिजा हासिल भइसकेको छ । रासस

# मधेशको बजेटमा स्वास्थ्य क्षेत्र प्राथमिकतामा




**मधेशदृष्टि**
**जनकपुरधाम।**
आर्थिक वर्ष २०८३/८४ का लागि मधेश प्रदेश सरकारले स्वास्थ्य क्षेत्रमा ५ अर्ब ९५ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ । पूर्वाधार विकासपछि स्वास्थ्य क्षेत्रलाई प्रदेश सरकारले दोस्रो उच्च प्राथमिकतामा राखेको छ।

'मेरो स्वास्थ्य, मेरो जिम्मेवारी' नारासहित प्रदेश सरकारले स्थानीय तहसँगको सहलगानीमा प्रदेशका सबै वडामा नागरिक आरोग्य सेवा केन्द्र स्थापना गर्ने तथा आवश्यक स्वास्थ्य उपकरण खरिद गर्ने नीति लिएको छ।

मधेशका नागरिकले विशिष्टीकृत उपचारका लागि अन्य प्रदेश वा राजधानी धाउनुपर्ने अवस्थाको अन्त्य गर्न प्रादेशिक अस्पताल जनकपुरलाई मुटु, मिर्गौला र क्यान्सर रोगको उपचार सेवासहितको सुविधासम्पन्न शिक्षण अस्पतालका रूपमा स्तरोन्नति गर्ने योजना अघि सारिएको छ।

तराई–मधेश क्षेत्रमा प्रमुख स्वास्थ्य समस्याका रूपमा रहेको सर्पदंश उपचारलाई सर्वसुलभ बनाउन आधारभूत स्वास्थ्य केन्द्रहरूमा एन्टिस्नेक भेनमसहित सर्पदंश उपचार केन्द्र विस्तार गर्न बजेट विनियोजन गरिएको छ।

अति विपन्न, दलित तथा सीमान्तकृत समुदायलाई गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा ल्याउन उनीहरूको स्वास्थ्य बिमाको प्रिमियम प्रदेश सरकारले व्यहोर्ने व्यवस्था गरिएको छ। यसका लागि स्थानीय तहसँग लागत साझेदारीमा पूर्ण स्वास्थ्य बिमा कभरेज अभियान सञ्चालन गरिने भएको छ।

मातृ तथा शिशु मृत्युदर घटाउने उद्देश्यले गर्भधारणदेखि शिशुको दुई वर्ष उमेरसम्मको अवधिलाई लक्षित गरी गर्भवती आमालाई पोषण प्याक वितरण गरिनेछ। साथै, मुख्यमन्त्री पोषण कोसेली कार्यक्रमलाई थप प्रभावकारी बनाउन 'मधेश पोषण मिसन–२०८३' सञ्चालन गरिने नीति लिइएको छ।

विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि उत्पादनसँग जोड्दै रैथाने उद्योगबाट उत्पादित पौष्टिक पिठो प्रयोग गरी 'खेतदेखि थालसम्म' विद्यालय खाजा कार्यक्रम लागू गरिने भएको छ । यसका लागि सार्वजनिक–निजी साझेदारीमा 'एक पालिका, एक पोषण उत्पादन केन्द्र' स्थापना गर्ने योजना अघि सारिएको छ।

बढ्दो लागूऔषध दुव्र्यसन तथा मानसिक स्वास्थ्य समस्यालाई न्यूनीकरण गर्न विद्यालय तथा सार्वजनिक स्थलहरूमा योग र ध्यान अभियान सञ्चालन गरिने भएको छ।

सर्वसुलभ तथा विशिष्टीकृत स्वास्थ्य सेवाको पहुँच विस्तार गर्ने लक्ष्यसहित मधेश प्रदेश सरकारले टेलिमेडिसिन सेवाको दायरा समेत विस्तार गर्ने रणनीति तय गरेको छ।

# मधेश प्रदेशसभा परिसरमा पुस्तकालय स्थापना



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशसभा सचिवालयद्वारा निर्मित पुस्तकालयको उद्घाटन गरिएको छ। प्रदेशसभा परिसरमा स्थापना गरिएको पुस्तकालयको उद्घाटन प्रदेशसभाका सभामुख रामअशिष यादवले एक कार्यक्रमबीच गरेका हुन्।

कार्यक्रममा सभामुख यादवले पठन संस्कृतिमा ह्रास आइरहेको वर्तमान अवस्थामा अध्ययन तथा अनुसन्धानको प्रवद्र्धन गर्ने उद्देश्यले प्रदेशसभा परिसरभित्र पुस्तकालय स्थापना गरिएको बताए।

उनले नीति निर्माण गर्ने थलोमै पुस्तकालय स्थापना हुँदा जनप्रतिनिधि, राजनीतिकर्मी तथा सरोकारवालाहरूमा पुस्तकप्रतिको रुचि र लगाव बढ्ने विश्वास व्यक्त गरे । ऐन–कानुनबारे पर्याप्त ज्ञान हुनु जनप्रतिनिधिका लागि आवश्यक रहेकाले पुस्तकालयले त्यसमा सहयोग पुग्ने उनको भनाइ थियो ।सभामुख यादवले प्रदेशसभामा स्थापना गरिएको पुस्तकालयबाट जनप्रतिनिधि, सञ्चारकर्मी तथा स्थानीय नागरिकले समेत लाभ लिन सक्ने बताए।

पुस्तकालयमा नेपालका ऐन–कानुन, मधेश प्रदेशसभाबाट निर्माण भएका कानुनसम्न्धी पुस्तक, नेपाल तथा विश्व राजनीतिसँग सम्बन्धित ऐतिहासिक सामग्री र धार्मिक पुस्तकहरूको संग्रह राखिएको छ।

उद्घाटन कार्यक्रममा प्रदेशसभाकी उपसभामुख बबिता राउत, प्रदेशसभा सदस्य, सञ्चारकर्मी तथा अन्य सरोकारवालाको सहभागिता रहेको थियो।

# ठाउँठाउँमा भारी वर्षा, भैरहवाको तापक्रम ४१.५ डिग्री

**काठमाडौं।**
देशका विभिन्न क्षेत्रमा भारी वर्षा जारी रहँदा तराईका क्षेत्रमा तापक्रम पनि ह्वात्तै बढेको छ।

जल तथा मौसम विज्ञान विभागका अनुसार पछिल्लो २४ घण्टामा गोरखा, मोरङ, सुनसरी र झापामा भारी वर्षा भएको छ।

गोरखामा ७१.८, मोरङमा ६१.८, सुनसरीमा ५१.४ र झापामा ७१.२ मिलिमिटर वर्षा भएको छ । यसअघि हिजो झापामा १०३ मिलिमिटरमाथि वर्षा भएको मापन गरिएको थियो।

ती जिल्लामा भारी वर्षा हुँदा देशका अन्य क्षेत्रमा तापक्रम बढिरहेको विभागका सूचना अधिकारी दिनकर कायस्थले जानकारी दिएका छन्।

विभागका अनुसार पछिल्लो अभिलेखअनुसार भैरहवामा ४१.५ डिग्री तापक्रम मापन भएको छ । यस्तै नेपालगञ्जमा ४०.४ डिग्री तापक्रम भएको छ । धनगढीमा ३८.८ डिग्री तापक्रम रेकर्ड भएको छ।

अन्य जिल्लामा पनि तापक्रम बढेको छ । काठमाडौंमा पनि तापक्रम बढेर ३१.३ डिग्रीमा पुगेको छ।

मौसम विज्ञान विभागका सूचना अधिकारी कायस्थका अनुसार बिहीबार धनगढी, वीरेन्द्रनगर, नेपालगञ्ज, घोराही, भैरहवा र सिमरामा तातो दिन हुने सम्भावना छ

हाल नेपालमा उपल्लो वायुमण्डलमा रहेको पश्चिमी न्यून चापीय रेखा, स्थानीय वायू तथा पूर्वीय वायुको समेत आंशिक प्रभाव रहेको जनाइएको छ।

विभागले बिहीबार जारी गरेको मौसम बुलेटिनअनुसार बिहीबार देशको हिमाली र पहाडी भू–भागमा साधारणतया बादल लाग्ने तथा कोशी र मधेश प्रदेशका तराई भू–भागमा आंशिक बादल लाग्ने छ।

बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई भू–भागमा मौसम मुख्यतया सफा रहने छ । कोशी, बागमती र गण्डकी प्रदेशका हिमाली र पहाडी भू–भागका थोरै स्थानमा तथा लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली र पहाडी भू–भागका एकदुई स्थानमा मेघगर्जन÷चट्याङसहित मध्यमसम्मको वर्षा÷हिमपातको सम्भावना छ।

कोशी र मधेश प्रदेशको तराईका पनि एक–दुई स्थानमा मेघगर्जन÷चट्याङसहित मध्यमसम्मको वर्षाको सम्भावना छ। लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई भू–भागका केही स्थानहरू तथा बागमती र गण्डकी प्रदेशका तराई भू–भागका थोरै स्थानमा पनि तातो दिन हुने सम्भावना रहेको जनाइएको छ।

# पोखरीमा अज्ञात पुरुषको शव फेला

**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाको मिथिला बिहारी नगरपालिका–२ पुरनदाहास्थित एक सरकारी पोखरीमा एक पुरुष मृत अवस्थामा फेला परेका छन्। स्थानीयवासीले पोखरीमा शव देखेपछि प्रहरीलाई खबर गरेका थिए। सूचना प्राप्त भएपछि प्रहरी टोली घटनास्थल पुगेर मुचुल्का उठाउने तथा अनुसन्धान प्रक्रिया अगाडि बढाएको छ।

प्रहरीका अनुसार मृतकको उमेर करिब ४० वर्ष रहेको अनुमान गरिएको छ। तर हालसम्म उनको नाम, थर, ठेगाना तथा अन्य पहिचान खुल्न सकेको छैन।

नेपाल प्रहरीको केन्द्रीय समाचार कक्षले अज्ञात पुरुषको शव पोखरीमा फेला परेको पुष्टि गर्दै पहिचान खुलाउने प्रयास भइरहेको जनाएको छ।

मृत्युको कारण तथा शव पोखरीमा कसरी पुग्यो भन्ने विषयमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । शवलाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी पोस्टमार्टमका लागि पठाइएको छ।

प्रहरीले मृतकको पहिचान तथा घटनाको वास्तविकता खुलाउन थप अनुसन्धानलाई तीव्रता दिएको जनाएको छ।

# प्रि–मनसुनमा ४५ वर्षयताकै बढी वर्षा

काठमाडौं।
नेपालमा यस वर्षको प्रि–मनसुन अवधिमा विगत ४५ वर्षयताकै सर्वाधिक वर्षा रेकर्ड भएको छ।

जल तथा मौसम विज्ञान विभागका अनुसार यो अवधिमा देशभर औसत ३३९.७७ मिलिमिटर वर्षा मापन गरिएको छ, जुन औसत २२६.३ मिलिमिटरको १४५ दशमलव ५ प्रतिशत हो । विभागका मौसमविद् सञ्जिव अधिकारीले प्रि–मनसुन समयमा पश्चिमी न्यून चापीय प्रणाली र स्थानीय वायु सक्रिय हुनु तथा अत्यधिक गर्मीका कारण प्रि–मनसुनमा अत्याधिक वर्षा भएको जानकारी दिए।

विभागले सार्वजनिक गरेको तथ्याङ्कअनुसार सन् २०२६ मा भएको ३३९.७७ मिलिमिटर वर्षा प्रि–मनसुन अवधिको सबैभन्दा बढी वर्षा हो। यसअघि सन् १९९० मा ३३१.४० मिलिमिटर वर्षा भई उच्च रेकर्ड कायम भएको थियो । तथ्याङ्कअनुसार सन् २००० मा ३२३ दशमलव १९ मिलिमिटर, सन् २०२१ मा ३१७.८८ मिलिमिटर र सन् २०२० मा ३१५.७८ मिलिमिटर वर्षा भएको थियो। यस वर्षको वर्षाले ती सबै रेकर्डलाई उछिनेको विभागले जनाएको छ।

विभागका अनुसार प्रि–मनसुन अवधिमा औसतभन्दा उल्लेख्य बढी वर्षा हुनु जलवायु प्रणालीमा देखिएको परिवर्तनको सङ्केत हुन सक्छ। यस अवधिमा देशका विभिन्न क्षेत्रमा चट्याङ, हावाहुरी, असिना तथा भारी वर्षाका घटनासमेत बढेको देखिएको छ। विभागका अनुसार यस वर्षको प्रि–मनसुन वर्षा सन् १९९० यताकै मात्र नभई उपलब्ध अभिलेखमा सबैभन्दा उच्च रहेको रेकर्डका रूपमा दर्ता भएको छ।

# वीरगंज महानगरद्वारा पढाइ तालिका हेरफेर




**मधेशदृष्टि**
**वीरगंज।**
बढ्दो गर्मीका कारण विद्यार्थीहरूको स्वास्थ्यमा पर्न सक्ने असरलाई मध्यनजर गर्दै वीरगंज महानगरपालिकाले विद्यालयको पठनपाठन समयावधि परिवर्तन गरेको छ ।

महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखाले जारी गरेको सूचनाअनुसार असार ४ र ५ गते दुई दिनका लागि सामुदायिक तथा संस्थागत विद्यालयहरू बिहान ६ बजेदेखि ९:३० बजेसम्म मात्र सञ्चालन गर्न निर्देशन दिइएको छ। हाल केही दिनयता अत्यधिक गर्मी बढ्दै गएपछि विद्यार्थीहरूको स्वास्थ्य सुरक्षालाई प्राथमिकतामा राखेर यस्तो निर्णय गरिएको महानगरपालिकाले जनाएको छ । महानगरपालिकाले सबै विद्यालयलाई निर्धारित समयअनुसार पठनपाठन सञ्चालन गर्न आग्रह गरेको छ।

शैक्षिक प्रशासन महाशाखाका प्रमुख आनन्द लामिछानेद्वारा हस्ताक्षरित सूचनामा गर्मीका कारण बालबालिकाको स्वास्थ्यमा प्रतिकूल असर पर्न सक्ने भएकाले अस्थायी रूपमा विद्यालयको समयावधि परिवर्तन गरिएको उल्लेख गरिएको छ।

# केआइइसीद्वारा सिमरा युनाइटेडलाई जर्सी सहयोग




**राहुल गुप्ता**
**सिमरा, बारा।**
वैदेशिक शिक्षा सम्बन्धी परामर्श सेवा प्रदान गर्दै आएको केआइइसीले स्थानीय फुटबल क्लब सिमरा युनाइटेडलाई जर्सी हस्तान्तरण गरेको छ।

क्लबको खेलकुद गतिविधिलाई थप प्रभावकारी बनाउन तथा युवा खेलाडीहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले केआइइसीले जर्सी सहयोग गरेको जनाएको छ । केआइइसीका प्रतिनिधिहरूले सिमरा युनाइटेडका पदाधिकारी तथा खेलाडीहरूलाई जर्सी हस्तान्तरण गरेका हुन्।

कार्यक्रममा बोल्दै केआइइसीका प्रतिनिधिले खेलकुद क्षेत्रको विकासमा निजी क्षेत्रको पनि महत्वपूर्ण भूमिका रहने उल्लेख गर्दै आगामी दिनमा समेत सामाजिक उत्तरदायित्व अन्तर्गत यस्ता सहयोगलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे।

सिमरा युनाइटेडका पदाधिकारीहरूले क्लबप्रति देखाएको सहयोगका लागि केआइइसीलाई धन्यवाद व्यक्त गर्दै यसले खेलाडीहरूको मनोबल बढाउन महत्वपूर्ण योगदान पुग्ने बताए।

स्थानीय स्तरमा फुटबल खेलको विकास र प्रवद्र्धनमा सक्रिय सिमरा युनाइटेडले विभिन्न प्रतियोगितामा सहभागिता जनाउँदै आएको छ । जर्सी सहयोगले क्लबलाई आगामी प्रतियोगिताहरूमा थप उत्साहका साथ सहभागिता जनाउन मद्दत पुग्ने विश्वास गरिएको छ।

# बजेट कार्यान्वयनमा यस वर्ष पनि सुस्तता

**मधेशदृष्टि**
**वीरगंज।**
मधेश प्रदेश सरकारको बजेट कार्यान्वयन गति चालु आर्थिक वर्षमा निकै सुस्त देखिएको छ । आर्थिक वर्ष २०८२÷८३ को ११ महिना बितिसक्दा पनि प्रदेश सरकारले कुल विनियोजित बजेटको केवल २१.२४ प्रतिशत मात्रै खर्च गर्न सकेको छ। चालु खर्चतर्फ केही प्रगति देखिए पनि विकास निर्माणसँग प्रत्यक्ष जोडिएको पूँजीगत खर्च भने अपेक्षाभन्दा निकै कम रहेकाले आलोचना बढन थालेको छ।

कोष तथा लेखा नियन्त्रक कार्यालयले सार्वजनिक गरेको विवरण अनुसार चालु आर्थिक वर्षका लागि प्रदेश सरकारले ४६ अर्ब ९८ करोड ३३ लाख ५१ हजार रुपैयाँ बजेट विनियोजन गरेको थियो। यसमध्ये ३१ अर्ब ३३ करोड ९६ लाख २९ हजार १८० रुपैयाँ पूँजीगत बजेट रहेकोमा जेठ मसान्तसम्म ४ अर्ब ३१ करोड ३४ लाख ७ सय ७२ रुपैयाँ मात्रै खर्च भएको छ।

प्रतिशतका आधारमा हेर्दा पूँजीगत खर्च १३.७६ प्रतिशत मात्र पुगेको छ। त्यस्तै, १५ अर्ब ६४ करोड ३७ लाख २१ हजार ८२० रुपैयाँ चालु बजेट मध्ये प्रदेश सरकारले ५ अर्ब ६६ करोड ६६ लाख ५३ हजार ३५२ रुपैयाँ खर्च गरेको छ।

# अघोषित लोडसेडिङले समस्या

**मधेशदृष्टि**
**वीरगंज।**
अघोषित लोडसेडिङका कारण मधेश प्रदेशका बासिन्दा समस्यामा परेका छन्। यतिबेला चर्को गर्मी र अनियमित विद्युत् आपूर्तिको दोहोरो मारमा यहाँका बासिन्दा छन्।



अत्यधिक गर्मीका बीच विद्युत् कटौतीले नेपाल विद्युत् प्राधिकरणप्रति उपभोक्ताको आक्रोश बढ्दै गएको छ । नियमित विद्युत् आपूर्ति कहिलेदेखि हुन सक्छ भन्नेबारे स्पष्ट जानकारी विद्युत प्रधिकरणले दिन सकेको छैन।

लाइन कटने समस्या साँच्चै प्राविधिक हो भने यसको दीर्घकालीन समाधान खोजिनु पर्छ नत्र नागरिकलाई गुमराहमा पारेर प्राधिकरण जिम्मेवारीबाट उम्किन नमिल्ने उपभोक्ता अधिकारवादीहरूको भनाई छ।

विद्युत् कटौतीका कारण शिक्षा, स्वास्थ, व्यापार लगायत दैनिक जीवनसमेत गम्भीर रूपमा प्रभावित छन्। गर्मीमा पटकपटक विद्युत् अवरुद्ध हुँदा विशेषगरी बालबालिका, वृद्धवृद्धा तथा बिरामीहरू सकसमा परेका छन्। बिजुली आउने जाने भइरहँदा पंखा, कुलरलगायत विद्युतीय उपकरणहरू खराव हुने क्रम बढदो छ।

मधेश प्रदेशको एक मात्रै महानगर वीरगंज र प्रदेश राजधानी जनकपुरधाममा समेत अघोषित लोडसेडिङ् जारी छ। अनियमित विद्युत् बारे गुनासो बढेपछि नेपाल विद्युत् प्राधिकरण मधेश प्रादेशिक कार्यालयले समस्या समाधानका लागि दीर्घकालीन योजना अघि बढाएको जनाएको छ । प्रादेशिक कार्यालय प्रमुख शम्भु कुसियैत यादवका अनुसार अत्यधिक गर्मीका कारण ट्रान्सफर्मर तथा अन्य उपकरण तातेर बिग्रने समस्या बढेको छ । मौसम प्रतिकूल छ र पुराना संरचनाले बढ्दो लोड धान्न सकिरहेका छैनन्।

यो समस्या समाधानका लागि करिब ४ अर्ब रुपैयाँको लगानीमा प्रदेशभर ५२५ वटा नयाँ ट्रान्सफर्मर जडान गर्ने परियोजना सुरु भइसकेको छ । उक्त ट्रान्सफर्मर जडान भइसके पछि धैरै हदसम्म लोडसेडिङको समस्या समाधान हुने प्रधिकरणको भनाई छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन